# आर्थिक बर्ष २०४५–४६

## २०४५ साल आषाढ २४ गते
## अर्थ मन्त्री भरतबहादुर प्रधानले
## दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०४५

**सम्माननीय अध्यक्ष महोदय,**

१.१ श्री ५ महाराजाधिराज सरकारबाट असिम निगाह साथ देशको अर्थ व्यवस्थाको गहन जिम्मेवारी वहन गर्न अर्थ मन्त्रीको अभिभारा बक्सेबाट यस सदनमा मैले नेपाल अधिराज्यको यो तेश्रो आय-व्यय विवरण पेश गर्न पाएकोमा सर्व प्रथम मौसूफ सरकार प्रति भक्तिपूर्वक कृतज्ञता प्रकट गर्दछु ।

१.२ दलबिहीन प्रजातान्त्रिक पंचायती व्यवस्थाले परिलक्षित गरेको समृद्ध र शोषणरहित समाज सिर्जना गर्न एकातिर हामीले हाम्रो आर्थिक विकासको बृद्धि दर तीव्र बनाउनु परेको छ भने आर्कोतिर राष्ट्रिय आयको उपभोग तथा उत्पादनशिल राष्ट्रिय सम्पत्तिमा समाजका कमजोर वर्गले सहभागी हुन सक्ने वातावरण बनाउनु परेको छ । श्री ५ महाराजाधिराज सरकारबाट बिक्रम सम्बत् २०५७ सालसम्ममा सबै नेपालीहरुले आधारभूत आवश्यकता उपभोग गर्न पाउन् भनी बक्सेको आह्वान तथा यस सम्बन्धमा नेपाली जनताले गरेको राष्ट्रिय संकल्प पंचायती व्यवस्थाको आर्थिक सिद्धान्त तथा पक्षलाई मूर्तरुप दिने मूल आर्थिक कार्यक्रम हो । तसर्थ यो बजेट तर्जुमा गर्दा यसलाई नै मुख्य आधार बनाएको छु । साथै यस सदनमा माननीय सदस्यहरुले विभिन्न समयमा व्यक्त गर्नु भएको सुझावहरुलाई समेत ध्यान दिएको छु ।

१.३ देशको आय-व्यय बिबरणले मुलुकको आर्थिक क्षेत्रमा मात्र असर पार्ने नभई देशको राजनैतिक पक्षमा पनि विशेष असर पार्ने हुन्छ । यसकारण यो बजेट तर्जुमा गर्दा प्रजातान्त्रिक पंचायती व्यवस्थाको राजनैतिक तथा आर्थिक दुबै पक्ष तर्फ विशेष सजग भएको छु । कार्यान्वयनको क्रममा हामी बीच केही प्रकृयागत मतभेद होलान तर महत्वपूर्ण कुरा के छ भने श्री ५ महाराजाधिराज सरकारको सवल तथा गतिशिल नेतृत्वमा हाम्रो राजनैतिक, सामाजिक र आर्थिक लक्ष्यहरु प्रति हामी सबै प्रतिबद्ध तथा पूर्ण समर्पित छौं । यही तथ्यलाई हृदयंगम गरी यस गरिमामय सदनमा आर्थिक वर्ष २०४५।४६ को बजेट पेश गर्न लागेको छु । यस्को सफल कार्यान्वयनको निम्ति माननीय सदस्यहरुबाट सदा झैं सहयोगको अपेक्षा गर्दछु ।

१.४ आगामी वर्षको आय-व्यय विवरण पेश गर्नु अघि श्री ५ को सरकारले अपनाएको आर्थिक सुधार कार्यक्रमहरुको उपलब्धी, देखा परेका समस्याहरु र देशको वर्तमान आर्थिक स्थिति बारे संक्षेपमा उल्लेख गर्दछु ।

१.५ अर्थ व्यवस्थामा देखिएको आर्थिक असन्तुलनहरु हटाउन आर्थिक वर्ष २०४३।४४ देखि आर्थिक समायोजनको कार्यक्रम संचालन गर्दै आएको कुरा माननीय सदस्यहरुलाई अवगतै छ । यस कार्यक्रमको मुख्य उद्देश्य नै आर्थिक स्थायित्व कायम राखी आर्थिक विकास दरलाई तीव्र बनाउनु हो । यस्को लागि राजश्व परिचालनमा बृद्धि गर्ने, विकास खर्चमा बृद्धि गर्नुको साथै साधारण खर्चमा नियन्त्रण गर्ने र बजेट घाटा कम गर्ने तथा बैंक कर्जा प्रवाहलाई बाञ्छीत सीमा भित्र राख्ने तर्फ विशेष जोड दिइएको छ । यस बाहेक सरकारी तथा निजी क्षेत्रमा अनुत्पादक लगानी कार्य हतोत्साह गरी कर्जा नियन्त्रणतर्फ पनि दृष्टि राखिएको छ । यस प्रकार बित्तीय तथा मौद्रिक क्षेत्रमा परिमाणात्मक लक्षहरु निर्धारण गरी त्यस अनुरुप अर्थ व्यवस्थापनमा अनुगमनको व्यवस्था गरिनुको साथै देशको उत्पादनशिल शक्तिहरु लाई प्रस्फुटीत हुन पाउने वातावरण सिर्जना गर्न कृषि, उद्योग, व्यापार तथा निजी क्षेत्रमा उदारवादी कदमहरु अपनाइएका छन् ।

१.६ देशका प्रमुख आर्थिक परिसूचकहरुबाट हाम्रो अर्थ व्यवस्थामा आर्थिक समायोजन कार्यक्रमले सकारात्मक असर पारेको स्पष्ट छ । गत वर्ष कूल गार्हस्थ्य उत्पादन २.४ प्रतिशतले बृद्धि भएकोमा यस आर्थिक वर्ष .... प्रतिशतले बढेको अनुमान छ । चालु आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन १८.३ प्रतिशतले बढेको छ । गैर कृषि क्षेत्रको उत्पादन १४.५ प्रतिशतले बृद्धि भएको छ जसमध्ये औद्योगिक उत्पादन १०.४ प्रतिशतले बृद्धि भएको छ । आर्थिक वर्ष २०३१।३२ को मूल्यमा कृषि र गैर कृषि क्षेत्रको उत्पादन क्रमशः ८.७ र ५ प्रतिशतले बृद्धि भएको छ ।

१.७ चालु आर्थिक वर्षको पहिलो ९ महिना सम्ममा सरकारी खर्च गत वर्षको सो अवधिको तुलनामा १८.० प्रतिशतले बृद्धि भएको छ भने यसै अवधिमा कूल राजश्व २४ प्रतिशतले बृद्धि भएको छ । यसरी खर्चको भन्दा साधनको बृद्धि दर बढी भएकोले बजेट घाटा गत आर्थिक वर्षको सोही अवधिको दाँजो... ११.६ प्रतिशतले घट्न गएको छ ।

१.८ देशको बाह्य आर्थिक कारोवार तर्फ यस आर्थिक वर्षको प्रथम ९ महिनाको अवधिमा कुल निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८ प्रतिशतले बृद्धि भई रु.३ अर्व ४२ लाख पुगेको छ भने कुल पैठारी १६ प्रतिशतले बढ्न गई रु.८ अर्व ३९ करोड ९४ लाख पुगेको छ । चालु वर्षको अन्तसम्ममा निकासी करिव रु.४ अर्व र पैठारी करिव रु. १ अर्व पुगी व्यापार घाटा करिव रु.९ अर्व पुग्ने अनुमान छ । शाही नेपाल वायुसेवा निगमको नयाँ हवाई जहाज खरीद, विदेशी सहायताबाट संचालिछ आयोजनाहरुमा निर्माण समाग्री र मेशिनरीको पैठारीमा बृद्धि, औद्योगिक कच्चा पदार्थ, मेशिनरी एवम् पार्टपूर्जा पैठारीको निम्ति खुला-इजाजत पत्र तथा उदार आयात नीतिको कारणहरुबाट चालु वर्ष पैठारीमा बृद्धि हुन गएको छ । कुल पैठारीमा बृद्धि भएता पनि निर्यात बृद्धि दर अझ तीव्र भएकोले प्रथम ९ महिनामा निकासा-पैठारीको अनुपात प्रतिशत गत आर्थिक वर्ष ३०.१४ रहेकोमा यस वर्ष ३५.७७ पुगी सुधार आएको छ ।

१.९ वैदेशिक व्यापार तर्फ व्यापार घाटा बढेता पनि देशको शोधनान्तर स्थिति भने यस आर्थिक वर्ष उल्लेखिनीय रुपले हाम्रो पक्षमा रहेको छ । गत आर्थिक वर्षको ७ महिनाको अवधिमा शोधनान्तर स्थिति हाम्रो पक्षमा रु.४ करोड ९१ लाखले

बचत भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रु.८४ करोड ८१ लाखको बचत भएको छ । फलस्वरुप चालु आर्थिक वर्ष विदेशी मुद्राको संचितिमा उल्लेखनीय बृद्धि हुन गई ९ महिनाको अन्तमा कुल विदेशी विनिमय संचित रु.६ अर्व ३ करोड ७० लाख पुगेको छ । यो संचितिले ६.५ महिनाको आयात धान्न सक्ने छ जबकि गत आर्थिक वर्षको सोही अवधिमा ४.८ महिनाको आयात धान्ने स्थिति थियो । विदेशी विनिमय संचितिमा हालका महिनाहरुमा थप सुधार आउनाले यस्को मौज्दात हाल रु.७ अर्व नाघी सकेको छ ।

१.१० चालु आर्थिक वर्ष मुद्रा प्रदायको बृद्धि दर बाञ्छीत सीमा भन्दा बढी रहेको छ । यसो हुनुमा विदेशी मुद्राको संचितिमा उललेखनीय बृद्धि हुनु नै मुख्य कारण हो । मुद्रा प्रदायका अरु कारकहरुको समीक्षा गर्दा मुद्धती तथा बचत निक्षेपहरुमा उल्लेखनीय बृद्धि भएको छ भने आन्तरिक कर्जा विस्तार बाञ्छीत सीमा भित्रै छ । तसर्थ बैदेशिक सम्पतिको वृद्धि दरमा आउको तीव्रताले गर्दा नै चालु आर्थिक वर्षको ९ महिनाको अवधिमा मुद्रा प्रदाय १८.३ प्रतिशतले बृद्धि भएको छ जवकि गत आर्थिक वर्षको यसै अवधिमा ११.७ प्रतिशतले मात्र बृद्धि भएको थियो । चालु वर्ष मुद्रा प्रदाय बृद्धि हुनुमा वैदेशिक सम्पत्तिको भूमिका रहेबाट मुद्रा प्रदाय बृद्धि दर अधिक रहेता पनि यसबाट अर्थतन्त्रमा त्यति प्रतिकूल असर नपर्ने विश्वास गरिएको छ ।

१.११ गत आर्थिक वर्षको प्रथम ९ महिनामा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचि सरदर १२.३ प्रतिशतले बृद्धि भएकोमा चालु आर्थिक वर्ष २०४४।४५ को सोही अवधिमा सरदर मूल्य बृद्धि दर १०.४ प्रतिशत रहन गएको छ । यसरी गत आर्थिक वर्षमा १३.३ प्रतिशतले मूल्य स्फीति भएकोमा चालु आर्थिक वर्षको अन्त सम्ममा औसत मूल्य बृद्धि दरमा केही सुधार आई ११.४ प्रतिशतले मूल्य स्फीति हुने अनुमान छ ।

१.१२ सारांशमा, चालु आर्थिक वर्षको प्रथम ९ महिनाको आर्थिक गतिविधिको प्रवृत्तिबाट देशको राष्ट्रिय उत्पादन, वित्तीय स्थिति, कर्जा प्रवाह, निकासी, पैठारी एवं शोधनान्तर स्थितिमा उत्साहबर्धक सुधार भएको पाइन्छ । तर मुद्रा प्रदाय र मूल्य स्थिति तर्फ भने विशेष सुधार हुन सकेको छैन ।

२.१ विगत वर्षहरुको कार्यक्रमहरुको कार्यान्वियनबाट हाम्रो व्यवस्थापनमा क्रमिक सुधार भै अर्थतन्त्रमा परेको अनुकूल असरहरु वारे मैले संक्षेपमा माथि भनिसकें । यही पृष्ठभूमिमा आगामी वर्षको आय-व्यय विवरण तर्जुमा गरेको छु ।

२.२ मूल रुपले आगामी वर्ष २०४५।४६ को आय-व्यय विवरण तर्जुमा गर्दा यस सदनलाई श्री ५ महाराजाधिराज सरकारबाट बक्स भएको शाही सम्बोधनलाई नै मैले मार्ग निर्देशनको रुपमा लिएको छु । त्यसकारण स्वभावतः मैले आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमलाई केन्द्रविन्दुको रुपमा लिएको छु ।

२.३ यसै क्रममा आगामी वर्षको बजेटलाई निम्न उद्देश्यहरु प्राप्त गर्न परिलक्षित गरेको छु ।

–आर्थिक विकास र न्यायोचित वितरण ।

–मूल्य स्फीति नियन्त्रण ।

२.४ यी उद्देश्यहरु प्राप्तीका लागि निम्न वमोजिमको कार्यनीति अपनाएको छु ।

- आधारभूत आवश्यकता कार्यक्रमहरुको लागि सर्वाधिक प्राथमिकता दिई साधनको व्यवस्था गर्ने ।
- अनुगमन प्रणालीलाई सुदृढ गरी आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्न संस्थागत सुधार गर्ने ।
- निरपेक्ष गरीबी रेखामुनी रहेका तथा समाजका कमजोर वर्गलाई आयमूलक रोजगारीको अवसर प्रदान गर्ने र स्थानीय सीपमूलक तालीम दिनुको साथै बैंक व्यवस्थालाई यस तर्फ उत्प्रेरित गराउने ।
- वित्तीय क्षेत्रको विकास गर्नुको साथै भैरहेको वित्तीय संस्थाहरुको कृयाकलापमा सुधार गर्ने ।
- सरकारी संस्थानहरुको व्यवस्थापनमा सुधार गर्ने ।
- निजी क्षेत्रको सहभागिता बृद्धि गर्ने ।

मूल्य वृद्धिको चापलाई कम गर्न अनुकूल मौद्रिक तथा वित्तीय नीतिको अवलम्बन गरी संचिति र आपूर्ति व्यवस्थालाई सुदृढ गराउने ।

२.५ चालु वर्षदेखि विकासको प्रतिफल लक्षित समूहले पाउने स्थितिको सिर्जना गर्ने कार्यको थालनी गरेको कुरा मैले यस वर्षको बजेट पेश गर्दा सदनलाई अवगत गराएको थिएं । यस क्रमलाई अझ अगाडि बढाउन आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा कृषि, सिंचाई, उद्योग, स्वास्थ्य, शिक्षा, आवास तथा खानेपानी र आयमूलक रोजगारीका क्षेत्रहरुमा आधारभूत आवश्यकताको कार्यक्रममा प्रक्षेपण गरिए अनुसारको लगानी गर्ने कार्यनीति अवलम्बन गर्ने प्रयास गरेको छु । यस सन्दर्भमा विकासका कार्यक्रमहरुको मूल्याङ्कन गर्दा खर्चको प्रभावकारिता, आयोजना सम्पन्न हुने अवधिको निकटता जस्ता आधारहरुमा ध्यान दिइएको छ । साथै ती कार्यक्रमहरुले आधारभूत आवश्यकतामा के कति योगदान पुऱ्याउन सक्नेछन् भन्ने मापदण्ड पनि प्रयोग गरिएको छ ।

२.६ निरपेक्ष गरीबी रेखामुनी रहेका तथा समाजका कमजोर वर्गहरुको आय बृद्धि हुने रोजगारीका अवसर प्रदान गर्ने साना किसान विकास, महिला विकास, सिंचाई विकास, वन विकास जस्ता कार्यक्रमहरुमा यस्ता वर्गहरुलाई संलग्न गराउन

सीपमूलक तालिमको व्यवस्था गरिने छ । साथै यस क्षेत्रमा बैंकहरुको सहभागिता बढाउने क्रममा जिल्लाका ग्रामीण क्षेत्रहरुमा अगुवा बैंक व्यवस्था संचालन गर्ने कार्यको थालनी गरिने छ र यस योजना हाललाई पाँचै विकास क्षेत्रका छानिएका २१ जिल्लाहरुमा लागु हुने छ र क्रमिक रुपमा अधिराज्यको सवै जिल्लाहरुमा विस्तार गरिने छ । साथै हाल संचालन भै रहेका सघन बैकिङ्ग कार्यक्रमलाई अझ सुदृढ गराई व्यापक रुपले संचालन गरिने छ । यसले वैंकहरुबाट प्रवाह हुने कुल कर्जा मध्ये उत्पादनशिल, प्राथमिकता क्षेत्र र साना किसान तथा उद्यमीहरुलाई प्रदान गरिने कर्जाको अनुपातमा बृद्धि हुने आशा लिइएको छ ।

२.७ सुनियोजित एवं क्रमिक विकास हासिल गर्न विगत वर्षहरुमा श्री ५ को सरकारले आर्थिक नीति तथा कार्यक्रमहरुलाई गतिशिल बनाउँदै कार्यानवयन गरेको कुरा मैले चालु वर्षको बजेट पेश गर्दा उल्लेख गरेको थिएं । बजेट तर्जुमा तथा निर्णय प्रकृयामा सुधार गर्न "कार्यक्रम बजेट प्रणाली" र आयोजनाहरु सम्बन्धी बजेट निकासा तथा खर्चको अनुगमन गर्न "व्यवस्थापन सूचना प्रणाली" लागु गरिएको कुरा मैले यस सदनलाई जानकारी गराएको थिएं । यसबाट हाम्रो आयोजना तर्जुमा तथा विश्लेषण गर्ने क्षमतामा बृद्धि हुनुको साथै कार्यक्रमहरुको कार्यान्वयनमा सुधार भै बैदेशिक सहायता उपयोगमा समेत बृद्धि गर्न सघाउ पुऱ्याएको छ । आगामी वर्षदेखि यस सूचना प्रणालीद्वारा कार्यक्रमहरुको भौतिक पक्षको पनि क्रमिक रुपले अनुगमन गर्ने परिपाटी बसालिने छ । यसबाट विदेशी सहायता प्राप्त गर्दा आयोजनासंग मात्र आवद्ध नगरी कार्यक्रममा आधारित गराउनेतर्फ पनि ठूलो सघाउ मिल्ने छ ।

२.८ विगत वर्षहरुमा कृषि क्षेत्रमा प्रशस्त लगानी भएता पनि यसको प्रतिफल अपेक्षा गरे अनुरुप कृषकहरुले पाउन सकेका छैनन् । तसर्थ कृषि उत्पादन दरमा बृद्धि गराउन र यसलाई स्थायित्व प्रदान गर्न सिंचाई, उन्नत प्रविधि, बिउ बिजन, मलखाद, तथा ऋण समन्वयात्मक रुपमा कृषक समक्ष पुऱ्याउन सकेमा मात्र सम्भव हुने कुरा स्पष्ट हुन आएको छ । देशमा खेती गरि क्षेत्रफल बढाउने संभावना ज्यादै कम भएकोले उत्पादन बृद्धिका लागि उत्पादकत्व बृद्धि बाहेक अन्य विकल्प नदेखिएकोले यस पक्षलाई विशेष जोड दिने कार्यनीति अवलम्बन गरिएको छ । यस क्रममा जिल्लाहरुमा स्थापित सेवा केन्द्रको विस्तार र त्यसलाई सुदृढ गर्ने तर्फ विशेष ध्यान दिइएको छ । साथै अनुसन्धानलाई उत्पादनसंग आवद्ध गर्न संस्थागत विकास गर्न यस कार्यलाई नयाँ मोड दिइएको छ ।

२.९ विकासको लागि आन्तरिक श्रोत र साधनको अधिकतम परिचालन गर्ने नीतिलाई कायमै राखिने छ । नयाँ कर थप गर्दैमा अथवा वर्तमान करको दरहरु बढाउदैमा राजस्वमा वृद्धि गर्न नसकिने हाम्रा विगतका अनुभवहरु छन् । तसर्थ कर प्रणालीलाई बढी सक्षम र प्रभावकारी बनाई करको दायरा फराकिलो बनाउने र कर चुहावट रोक्न राजस्व प्रशासनलाई सुदृढ गराउने तर्फ नै हाम्रो प्रयासहरु केन्द्रीत रहने छन् । मुख्यतः सामाजिक न्यायको उद्देश्य प्राप्ति गर्न कर प्रणालीमा प्रत्यक्ष करको अंश बढाउँदै लैजानु परेको तथ्यलाई दृष्टिगत गरी त्यसतर्फ विशेष ध्यान दिएको छु ।

२.१० वित्तीय क्षेत्रको विकासबाट आन्तरिक साधन परिचालन गर्न सकिने ठूलो गुंजाईस छ । यस दृष्टिकोणले आगामी आर्थिक वर्षमा वित्तीय क्षेत्रको विकासको लागि मुद्रा बजारको संस्थागत विकास गर्नुको साथै विशेष उद्देश्य भएका वित्तीय संस्थाहरु निजी क्षेत्रमा स्थापना गर्न प्रोत्साहित गरिने छ । यसै क्रममा हाम्रा बाणिज्य बैंकहरुलाई आफ्नो क्षमता वृद्धि गर्दै आधुनिक बैंकिंङ्ग प्रविधि अपनाउने तर्फ पनि अग्रसर गराइने छ । यस सम्बन्धमा आगामी आर्थिक वर्षमा एक विस्तृत अध्ययन गराउने व्यवस्था मिलाएको छु । यसबाट वाणिज्य बैंकहरुको व्यवस्थापन पक्षमा सुधार हुने र श्रोत तथा साधनहरुको उचित परिचालन भई देशको बढ्दो आर्थिक कारोवारमा बैकिङ्ग क्षेत्रको महत्वपूर्ण योगदान पुग्ने आशा राखेको छु ।

२.११ ग्रामीण क्षेत्रमा वित्तीय लगायत अन्य आर्थिक कारोवार संचालन गर्न राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा गठन गरिएका साझा संस्थाहरु हाल अपेक्षा गरिए अनुसार प्रभावकारी हुन नसकेबाट साझा संस्थाहरु प्रति जन विश्वास समेत गुम्न थालेको छ । तसर्थ यी संस्थाहरुलाई आगामी वर्षदेखि संगठनात्मक तथा व्यवस्थापन सम्बन्धी सुधारहरु गरी सकृय तुल्याइने छ । यही क्रममा भूमिसुधार कार्यक्रमको उद्देश्य परिपूर्ति गर्न एक प्रमुख स्तम्भको रुपमा रहेको साझा प्रति जन विश्वास बढाउने उद्देश्य अनुरुप बचत कर्तालाई संकलन गरिएका अनिवार्य बचत श्री ५ को सरकारले आगामी वर्षदेखि फिर्ता दिने व्यवस्था गरेको छ ।

२.१२ श्री ५ को सरकारले सोझै या संस्थाहरु मार्फत प्रदान गर्ने अनुदानलाई समाजका कमजोर वर्ग तथा उत्पादनशील कार्यमा लक्षित गर्ने नीति अपनाउँदै आएको छु । यस क्रममा नेपाल खाद्य संस्थानले खाद्यान्न अभाव भएका दुर्गम क्षेत्रहरुमा विक्री गर्ने खाद्यान्नको ढुवानीमा अनुदान प्रदान गरिने छ । मलखादमा दिई आएको ढुवानीको साथै मूल्य अनुदान दिने नीति कायमै गरिने छ । त्यस्तै चिया तथा फलफूल खेतीमा प्रदान गर्दै आएको व्याज अनुदान र स्यालो ट्यूववेल, बायोग्याँस र टर्वाइन जडान गरी ग्रामीण विद्युतिकरणको लागि दिइएको प्रोत्साहन अनुदान पनि यथावत नै कायम गरिएको छ । यस बाहेक जनताले आफ्नो खर्चमा स्थानीय स्तरको खानेपानी तथा ढल निर्माण कार्य संचालन गर्न चाहेमा लागतको केही अंश श्री ५ को सरकारले अनुदानको रुपमा प्रदान गर्ने नीति अपनाईएको छ । सिंचाई तर्फ उपभोक्ता समूहबाट संचालन हुने साना र मझौला सिंचाई आयोजनाहरुको निर्माण खर्चको अधिकांश अंश श्री ५ को सरकारले व्यहोर्ने नीति अपनाइएको छ । वनको हकमा सरकारी क्षेत्रमा कवुलियत वन लगाउन चाहने गरिबीको रेखामुनीका व्यक्तिहरुलाई ऋणको व्यवस्था मिलाउनुका साथै ५ वर्ष सम्मको लागि व्याज श्री ५ को सरकारले व्यहोर्ने नीति अपनाईएको छ ।

२.१३ आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरु मध्ये आवास पनि एक प्रमुख कार्य भएकोले यस कार्यको थालनी आगामी वर्ष देखि योजनाबद्ध रुपबाट गरिने छ । लक्षित वर्गहरुको आवासको व्यवस्थाको निम्ति उनीहरुको आयलाई दृष्टिगत गर्दा ठाउँ सुहाउँदो कम खर्चिलो प्रविधिको विकास गरी यस्ता आवासहरुको निर्माणका लागि आवश्यक ऋण सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ । त्यस्तै कम खर्चिलो आवासको विकास तथा विस्तार गर्न सक्षम संगठीत निर्माण संस्थाहरु र वित्तीय संस्थाहरुको पनि उत्तिकै भूमिका रहन्छ । यीनै तथ्यलाई मनन् गरी श्री ५ को सरकारले आवास क्षेत्रको विकासको लागि निजी क्षेत्रलाई प्रतिस्पर्धाको आधारमा आवास कम्पनीहरुको व्यवस्था गर्न प्रोत्साहन दिनेछ । यसको निम्ति चाहिने पूंजी संगठीत निर्माण संस्था र लक्षित वर्गलाई वित्तीय संस्थाहरुबाट सुलभ तरिकाले ऋण उपलब्ध गराउने व्यवस्था पनि मिलाईने छ ।

२.१४ श्री ५ को सरकारको स्वामित्वमा भएका संस्थानहरुको दक्षता बृद्धि गरी तिनको उत्पादकत्व बढाउदै लैजाने कार्यलाई अझ प्रभावकारी बनाउन व्यवस्थापन पक्षको अध्ययन गराउने व्यवस्था मिलाएको छ । त्यसै गरी कार्यकुशलताको आधारमा संस्थानहरुको व्यवस्थापनको मूल्यांकन गरी तिनलाई प्रोत्साहन दिने परिपाटीलाई अझ सशक्त रुपमा संचालन गरिने छ । वित्तीय अनुशासन कडाईका साथ लागू गरी संस्थानहरुले समयमा नै लेखा परीक्षण गराउनु पर्ने व्यवस्था मिलाइने छ । श्री ५ को सरकारको निर्देशन कार्यान्वयन गर्ने सिलसिलामा संस्थानहरुलाई पर्ने नोक्सानी बराबरको रकम बजेट मार्फत व्यवस्था गरी संस्थानहरुलाई आर्थिक दृष्टिकोणबाट सक्षम र बढी स्वायत्त बनाउने नीति लिएको छु ।

२.१५ बैदेशिक व्यापार तर्फ व्यापार घाटालाई कम गर्न निर्यात बृद्धि गर्ने विभिन्न उपायहरु चालू वर्ष अवलम्बन गरिएका थिए । यसबाट निकासी प्रवर्धनमा निकै उत्साहजनक नतीजा प्राप्त भएको कुरा आर्थिक सर्वेक्षणबाट माननीय सदस्यहरुलाई अवगत भएकै होला । आगामी वर्षमा पनि ड्यूटी ड्र ब्याक प्रणाली, वण्डेड वेयर हाउस सुविधा, खुला तथा उदार निर्यात नीति कायमै राखी निर्यात सम्बन्धी कार्य प्रणालीमा अझ सरलिकरण गर्दै लगिने छ । हाल यस्ता सुविधा प्राप्त गरेका वस्तुहरुका अतिरिक्त अन्य निकासी योग्य वस्तुहरुलाई समेत यी सुविधाहरु प्रदान गर्ने तर्फ कदमहरु चालिने छन् । उच्च गुणस्तरीय निर्यात योग्य वस्तुहरुको उत्पादनमा विशेष सहुलियत प्रदान गरी अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक रुपले विक्री गर्न सकिने वातावरण सिर्जना गर्न निजी क्षेत्रलाई विशेष प्रोत्साहित गरिने छ । पैठारी तर्फ अवलम्बन गरिएको उदार नीति कायमै राखिने छ ।

२.१६ विकासको क्रममा निजी क्षेत्रको पनि गहन भूमिका हुने कुरा मैले यहाँ भनि राख्नु पर्दैन । हाम्रो आर्थिक बनौटमा खास गरी कृषि, उद्योग तथा व्यापार क्षेत्रहरुको विकासमा निजी क्षेत्रकै बाहुल्य रहेको छ । तसर्थ आधारभूत आवश्यकताहरु परिपूर्ति गर्ने लक्ष हासिल गर्न निजी क्षेत्रको सहभागिताको ठूलो अपेक्षा गरिएको छ । आधारभूत कार्यक्रमको प्रक्षेपित कुल लगानीमा निजी क्षेत्रको ठूलो योगदानको अपेक्षा गरिएको छ । यी कार्यक्रमहरु अन्तर्गत लत्ता कपडा, जुत्ताको उत्पादन र आवास व्यवस्थामा निजी क्षेत्रको सहभागितालाई विशेष प्रोत्साहित गरिने छ । यही परिप्रेक्षमा सरकारी संस्थानहरुमा क्रमिक रुपले निजी क्षेत्रको सहभागिता बढाउँदै लाने नीतिलाई योजनाबद्ध रुपबाट अगाडि बढाइने छ ।

२.१७ मूल्य बृद्धि हाम्रो सामु अझै पनि चिन्ताको विषय छ । विगतका हाम्रा प्रयासहरुले मूल्य वृद्धिमा अपेक्षाकृत कमी नल्याएतापनि यसलाई अनियन्त्रित हुनबाट रोकेको छ । उत्पादनमूलक कार्यक्रमको सफल कार्यान्वयन तथा आपूर्ति व्यवस्थापनको प्रभावकारी कार्यान्वयनबाटनै मूल्य बृद्धिलाई बाञ्छीत सीमा भित्र नियन्त्रण गर्न सकिने ठानेको छु । त्यसैले उत्पादनमूलक कार्यक्रमहरुमा विशेष जोड दिनुको साथै अत्यावश्यक वस्तुहरु अन्तरराष्ट्रिय बजारबाट सुपथ मूल्यमा आयात गराउने कार्यनीति लिईएको छ । मूल्य स्थीरता कायम गर्न कर नीतिमा अनुकूल परिवर्तन गरिने छ । यसरी मौद्रिक तथा वित्तीय नीतिहरुको साथै उत्पादन तथा आपूर्ति व्यवस्थापनबाट मूल्यमा पर्ने चापलाई कम गर्न सघाउ पुग्ने विश्वास गरेको छु ।

२.१८ आर्थिक विकासको क्रममा राष्ट्र सेवकहरुको बढ्दै गएको उत्तरदायित्व अनुरुप उनीहरुको पारिश्रमिक र प्रोत्साहनमा पनि श्री ५ को सरकरको क्षमता अनुसार बृद्धि गर्दै लानु पर्ने आवश्यकता सर्वविदितै छ । यस सन्दर्भमा श्री ५ महाराजाधिराज सरकारबाट यस सदनलाई बक्सेको शाही सम्बोधनमा "राष्ट्र सेवकको तलवमा यथासम्भव बृद्धि गर्ने तर्फ पनि मेरो सरकारले ध्यान दिनेछ" भन्ने हुकुम बक्से बमोजिम सबै निजामती, शाही नेपाली सैनिक, प्रहरी लगायत सबै कर्मचारीहरुलाई उनीहरुको शुरुको तलवमा करिब २५ प्रतिशतले बृद्धि गरेको छु । शिक्षकहरुको हकमा पनि उनीहरुको तलवको लागि दिई आएको अनुदानमा करिब २५ प्रतिशत बृद्धि गरिएको छ । त्यस्तै निवृत्तिभरण पाउने व्यक्तिहरुलाई पनि उनीहरुले पाई आएको निवृत्तिभरण रकममा करिब २५ प्रतिशतले बृद्धि गरेको छु । यसबाट राष्ट्रसेवकको दक्षतामा सकारात्मक असर पर्न गई विकासको गतिमा तीव्रता आउने विश्वास श्री ५को सरकारले लिएको छ ।

३.१ अब म आर्थिक वर्ष २०४३।४४ को यथार्थ आय-व्यय बिबरण र चालु आर्थिक वर्ष २०४४।४५ को संशोधित आय-व्यय बिबरण प्रस्तुत गर्दछु ।

३.२ आर्थिक वर्ष २०४३।४४ मा यथार्थ खर्च भएको कूल रकम रु.११ अर्व ५१ करोड ३२ लाख मध्ये साधारण तर्फ रु.४ अर्व १३ करोड ५२ लाख र विकास तर्फ रु.७ अर्व ३७ करोड ८० लाख खर्च भएको छ ।

३.३ गत आर्थिक वर्ष २०४३।४४ मा राजश्व संकलन रु.५ अर्व ९७ करोड ५१ लाख भएको छ। अनुदान सहायता अन्तरगत रु.१ अर्व २८ करोड ५१ लाख र विदेशी ऋण स्वरुप रु.२ अर्व ७० करोड ५८ लाख प्राप्त भएको छ। उल्लेखित साधनहरुबाट नपुग न्यून रकमको पूर्ति रु. १ अर्व ५४ करोड ७२ लाख खूद आन्तरिक ऋण उठती गरी पूर्ति गरिएको छ।

३.४ चालु आर्थिक वर्ष २०४४।४५ का लागि रु.१५ अर्व १८ करोड ७७ लाख खर्च हुने अनुमान गरिएकोमा रु.१३ अर्व ६७ करोड ७७ लाख खर्च हुने संशोधित अनुमान छ। साधारण तर्फ रु.४ अर्व ९६ करोड १७ लाख खर्च हुने अनुमान गरिएकोमा रु.४ अर्व ७८ करोड ९० लाख र विकास तर्फ रु.१० अर्व २२ करोड ६० लाख खर्च हुने अनुमान रहेकोमा रु.८ अर्व ८८ करोड ८७ लाख खर्च हुने संशोधित अनुमान छ।

३.५ चालु आर्थिक वर्ष २०४४।४५ मा राजश्वतर्फ रु.७ अर्व ३५ करोड ५८ लाख संकलन हुने अनुमान रहेकोमा रु.७ अर्व ३२ करोड प्राप्त हुने संशोधित अनुमान छ। विदेशी सहायता अनुदान अन्तर्गत रु.२ अर्व ४९ करोड २२ लाख उपलब्ध हुने अनुमान गरिएकोमा रु.२ अर्व ७ करोड ८५ लाख प्राप्त हुने संशोधित अनुमान छ। विदेशी ऋण रु ४ अर्व १० करोड ९७ लाख उपलब्ध हुने अनुमान गरिएकोमा रु.३ अर्व १९ करोड ८ लाख प्राप्त हुने संशोधित अनुमान छ। यी श्रोतहरुबाट पूरा हुन नसकेको न्यून रकम रु.१ अर्व ८ करोड ८४ लाख आन्तरिक ऋणबाट व्यहोरिने संशोधित अनुमान छ।

४.१ आगामी आर्थिक वर्ष २०४५।४६ को साधारण तथा विकास खर्चको अनुमान विवरण अव म संक्षेपमा प्रस्तुत गर्दछु।

४.२ आगामी आर्थिक वर्ष २०४५।४६ को साधारण तर्फ रु. ६ अर्व १५ करोड २१ लाख र विकास तर्फ रु.१३ अर्व ३६ करोड ८१ लाख गरी जम्मा रु.१९ अर्व ५२ करोड २ लाख खर्च गर्ने प्रस्ताव गरेको छु। यो खर्च चालु वर्षको संशोधित अनुमानको ४२.७ प्रतिशतले बढी छ।

४.३ साधारण खर्च तर्फ संवैधानिक अंगहरुमा रु.१३ करोड ७१ लाख, सामान्य प्रशासन, राजश्व प्रशासन, आर्थिक प्रशासन तथा योजनामा रु.१ अर्व १ करोड २४ लाख, न्याय प्रशासनमा रु.८ करोड ५८ लाख, रक्षामा रु.९३ करोड ६६ लाख, वैदेशिक सेवामा १३ करोड ५७ लाख, सामाजिक सेवामा रु.६६ करोड ६४ लाख, आर्थिक सेवामा रु.४० करोड ३ लाख, ऋण लगानी तथा साँवा व्याज भुक्तानीमा रु.१ अर्व ९२ करोड ३१ लाख र विविधमा रु.८५ करोड ४७ लाख विनियोजन गरेको छु।

४.४ विकास कार्यक्रमहरुको लागि खर्च बाँडफाँड गर्दा मुख्यतया निम्न आधार अपनाएको छु।

- श्री ५ महाराजाधिराज सरकारबाट बक्स भएको निर्देशन।
- आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरु।
- प्राथमिकता प्राप्त आयोजनाहरु।
- छोटो अवधिका उत्पादनमूलक आयोजनाहरु।
- स्थानीय सहभागितामा जोड दिइएका तथा विकेन्द्रीकरणको सिद्धान्त अनुरुपका जिल्ला स्तरीय कार्यक्रमहरु।
- मर्मत, सम्भार तथा पुनर्स्थापन कार्यक्रमहरु।

४.५ विकास तर्फ आर्थिक सेवामा रु.९ अर्व १० करोड ८० लाख, सामाजिक सेवाको लागि रु.३ अर्व ६० करोड ४५ लाख, प्रशासन तथा योजनाका लागि रु.५ करोड ५४ लाख र विविधमा रु. ६० करोड २ लाख खर्च गर्ने प्रस्ताव गरेको छु।

४.६ तलव बृद्धिको लागि साधारण तथा विकास बजेटमा जम्मा रु. ६३ करोड छुट्याएको छु।

४.७ श्री ५ महाराजाधिराज सरकारबाट विकास क्षेत्रमा अनौपचारिक भ्रमण गरी बक्सेको अवसरहरुमा मौसूफ सरकारमा सिंचाई, खानेपानी, बाटो तथा पुल जस्ता आयोजनाहरु कार्यान्वयनको लागि यी क्षेत्रका जनताहरुको सामूहिक माँगको आधारमा मौसूफ सरकारबाट संभाव्य आयोजनाहरु कार्यान्वयन गरी दिन श्री ५ को सरकारलाई निर्देशन बक्स हुने गरेको माननीय सदस्यहरुलाई विदितै छ। यसरी विकास क्षेत्रको भ्रमणका अवसरहरुमा बक्स भएका निर्देशनहरुलाई समयबद्ध गरी सम्पन्न गर्न आगामी आर्थिक वर्षको लागि रु.२ अर्व ३५ करोड १७ लाख छुट्याएको छु।

४.८ कृषि विकास कार्यक्रम तर्फ खाद्यान्न उत्पादन बृद्धि दरमा कमी आउन नदिन विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी रुपबाट संचालन गर्ने तर्फ जोड दिइएको छ। उन्नत बिउ, मलखाद, किटनाशक औषधी, सिंचाई, उन्नत प्रविधिको समूचित उपयोगद्वारा कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्ने तर्फ कृषि अनुसन्धान, कृषि प्रसार, ऋण तथा कृषि सामग्रीहरुको बितरण प्रणालीलाई आवद्ध गरी कार्य संचालन गराइने छ। यकीन गरिएका उन्नत प्रविधिको प्रयोग कृषकको खेतवारीमा कृषि अनुसन्धान र कृषि प्रसारको संयूक्त रेखदेखमा संचालन गर्न जोड दिइने छ। प्रचार, प्रसार र तालीम कार्यलाई कृयाशील बनाई कृषहरुको समस्याहरु निदान गर्ने तर्फ उन्मूख गराइने छ। त्यस्तै पशुपालन व्यवसायलाई लाभप्रद तथा उत्पादनमुलक बनाउने तर्फ एकीकृत तथा समन्वयात्मक रुपबाट संचालन गरिएका पशु स्वास्थ्य तथा विकास कार्यक्रमहरुलाई प्रभावकारी बनाइने छ। कृषहरुले उत्पादन गरेका दूध, माछा, मासु, तरकारी र फलफूल जस्ता चाँडै बिग्रने कृषि उत्पादनहरुको लागि संगठीत बजार व्यवस्थाको प्रबन्ध गराउने कार्यक्रम रहेको छ। कृषि विकास कार्यक्रमको लागि आर्थिक वर्ष २०४५।४६ मा रु. १ अर्व ३५ करोड ४ लाखको रकम खर्च गर्ने प्रस्ताव गरेको छु। यो चालु वर्षको संशोधित अनुमानको दाँजोमा ८१.३ प्रतिशतले बढी छ।

४.९ राष्ट्रिय उत्पादन बृद्धि गर्ने, रोजगारीको अवसर सिर्जना गर्ने, निरपेक्ष गरिवीको रेखामुनी रहेको जनसंख्याको आय स्तर बढाउने कार्यहरुका लागि कृषक तथा उद्यमीहरुलाई बैंकहरु मार्फत कर्जा प्रवाह गर्ने व्यवस्था गरेको छु । यस्तै साना किसान विकास, सघन बैंकिङ्ग जस्ता कार्यक्रमहरुलाई विस्तार गर्ने व्यवस्था गरेको छु ।

४.१० कृषि उत्पादकत्व बृद्धि गर्न र उत्पादन प्रकृयामा मौसमको प्रतिकूलताको असरलाई न्यून गर्न सिंचाई विकास कार्यक्रममा आगामी आर्थिक वर्ष जोड दिइएको छ । सिंचाई तर्फ साना तथा मझौला सिंचाई कार्यक्रम र भूमिगत जल विकास तथा उपयोगका कार्यक्रमहरुलाई प्राथमिकता दिइएको छ । ठूला सिंचाई आयोजना तर्फ बबई सिंचाई आयोजनाको निर्माणको कार्य आगामी आर्थिक वर्षमा शुरु गरिनुको साथै बागमती सिंचाई आयोजना समयमा नै पूरा गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । सम्पन्न आयोजनाहरुको मर्मत सम्भार र संचालनको अतिरिक्त बाढीबाट क्षति पुगेका आयोजनाहरुको पुनर्स्थापना तथा कृषक कुलो सुधारको निम्ति आवश्यक रकमको व्यवस्था मिलाएको छु । नदी नियन्त्रण कार्यको लागि पनि आवश्यक रकम छुट्याएको छु । नीजि क्षेत्रमा सिंचाई विकासको लागि बैंकहरुबाट ऋण लगानी गर्ने व्यवस्था पनि गरेको छु । यसको साथै लागतको केही अंश उपभोक्ता समूहले व्यहोर्ने गरी आयोजनामा लाग्ने कुल रकम श्री ५ को सरकारले व्यहोर्न बजेटको व्यवस्था गरेको छु । आयोजना छनौट, संभाव्यता अध्ययन, आयोजना तर्जुमा, निर्माण तथा सम्भार, कृषक समूह गठन र अनुगमन मूल्याङ्कन आदि कार्यहरुमा सिंचाईमा संलग्न इकाईहरुको संगठनात्मक सुधार गरिने छ । सिंचाई विकास कार्यक्रम संचालन गर्न कुल रु.१ अर्व ७४ करोड ७ लाख रकम खर्च हुने अनुमान गरिएको छ । उक्त रकम चालु आर्थिक वर्षको संशोधित अनुमानको दाँजोमा १४०.४ प्रतिशतले बढी छ ।

४.११ बन विकास कार्यक्रम तर्फ शुरु योजना तर्जुमा भइसकेको छ । यसलाई क्रमिक रुपले कार्यान्वयन गर्ने तर्फ कार्यवाही हुँदैछ । वातावरणको सन्तुलन कायम गर्न तथा भू-क्षय रोकथाम गर्न बृक्षारोपण, सामुदायिक वन विकास जस्ता आयोजनाहरुलाई प्रभावकारी रुपबाट संचालन गर्न प्राथमिकता दिईएको छ । जलाधार व्यवस्थापन कार्यक्रमहरुको लागि आवश्यक रकम व्यवस्था गरेको छु । बन क्षेत्रको निमित्त जम्मा रु.६४ करोड ७० लाख छुट्याइएको छ । यो रकम चालु आर्थिक वर्षको संशाोधित खर्चको दाँजोमा ५७.८ प्रतिशतले बढी छ ।

४.१२ उद्योग तर्फ आगामी आर्थिक वर्ष देखि उदयपुर सिमेन्ट कारखाना र नेपालगन्ज कागज कारखानाहरुको निर्माण कार्य शुरु हुने छ । हाल संचालनमा रहेका बीरगन्ज चिनी कारखाना, भृकुटी कागज उद्योगहरुको क्षमतामा विस्तार गर्ने कार्यक्रम पनि रहेको छ । खनिज पदार्थहरुमा आधारित खास गरी म्याग्नेसाईट उद्योग सम्पन्न गराउन विशेष जोड दिइने छ । पेट्रोल सम्बन्धी अन्वेषण कार्य जारी राखिने छ । घरेलु उद्योगको प्रबर्धन र सीप विकास तालीममा विशेष जोड दिइएको छ । उद्योग तथा खनिज क्षेत्रको लागि रु.९६ करोड ४६ लाख रकम विनियोजन गरिएको छ, जुन चालु आर्थिक वर्षको संशोधित अनुमान भन्दा ६४.४ प्रतिशतले बढी छ ।

४.१३ विद्युतको बढ्दो मागलाई दृष्टिगत गरी अरुण तेश्रो आयोजना कार्यान्वयन गर्न प्रारम्भिक कार्यको निम्ति रकम छुट्याएको छु । निर्माण कार्य प्रायः अन्तीम चरणमा भएको मर्स्याङ्दी जल विद्युत आयोजना समयमा सम्पन्न गर्न विशेष जोड दिइएको छ । विद्युत लाईन प्रशारण, ग्रामीण विद्युतीकरण कार्यक्रमहरु तथा साना जलविद्युत आयोजनाहरु समयमानै सम्पन्न गराउन आवश्यक रकम छुट्याएको छु । विद्युत क्षेत्रको निमित कुल रकम रु. १ अर्व ३८ करोड ५१ लाख विनियोजन गरेको छु ।

४.१४ यातायात तर्फ महेन्द्र राजमार्गको बाँकी खण्ड कोहलपुर-महाकाली सडक, उत्तर-दक्षिण सडक, डडेलधुरा-बैतडी-दार्चुला तथा इलाम-फिदिम-ताप्लेजुंग र केही सहायक मार्गहरुको निर्माणमा प्राथमिकता दिइएको छ । अरुण तेश्रो विद्युत आयोजनाको निर्माण स्थलसम्म जाने मार्ग तथा उदयपुर सिमेन्ट कारखाना जाने गाईघाट सडक आयोजनाहरु आगामी आर्थिक वर्षदेखि संचालन गरिने छ । सडक सुधार तथा पुनर्निर्माण र सडक मर्मत सम्भारलाई प्राथमिकता दिने नीति अनुरुप आगामी वर्ष सडक सुधार तथा पुनर्निर्माण तथा बाढीले क्षति पुऱ्याएको सडकहरुको पुनर्निर्माणको लागि आवश्यक रकमको व्यवस्था गरेको छु । त्यस्तै गरी जिल्ला स्तरीय सडक, झोलुङ्गे पुल र गोरेटो घोडेटोको लागि पनि आवश्यक बजेटको व्यवस्था गरिएको छ । आन्तरिक जलमार्गको संभाव्यता अध्ययन कार्यक्रमलाई अझ विस्तृत गर्नको लागि चाहिने रकम राखिएको छ । यातायात क्षेत्रमा आगामी आर्थिक वर्षको लागि रु.२ अर्व ३९ करोड २४ लाख छुट्याएको छु, जुन चालु वर्षको संशोधित अनुमानको तुलनामा १०४.५ प्रतिशतले बढी छ । यस मध्ये सडक यातायातको लागि रु.१ अर्व ९६ करोड ५७ लाख, पुलहरुको लागि रु.१२ करोड ४० लाख र अन्य यातायातहरुको लागि रु.४ करोड २ लाख छुट्याइएको छ ।

४.१५ हवाई यातायात तर्फ त्रिभुवन अन्तरराष्ट्रिय विमान स्थलको निर्माणाधिन टर्मिनल भवनको निर्माण कार्य सम्पन्न गर्न आवश्यक रकमको व्यवस्था गरेको छु । अन्य विमान स्थलहरुको मर्मत तथा सम्भारको लागि पनि रकम छुट्याएको छु । हवाई यातायात सेवाको लागि जम्मा रु.२६ करोड २४ लाख व्यवस्था गरेको छु, जुन चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा १०३.४ प्रतिशतले बढी छ । पर्यटन उद्योग विकासको लागि रु.१ करोड ८७ लाख राखेको छु ।

४.१६ संचार तर्फ टेलिफोन लाईन विस्तार, ग्रामीण दूर संचार सेवा, हुलाक सेवा विस्तार जस्ता कार्यक्रमहरु संचालनका लागि रु. ३३ करोड ६९ लाख रकम छुट्याएको छु ।

४.१७ देशमा साक्षरताको प्रतिशतलाई बढाउन स्थानीय सहभागिताबाट पूर्व प्राथमिक शिक्षा संचालन तर्फ प्रोत्साहित गर्नुका साथै प्रौढ शिक्षालाई प्रभावकारी ढंगले संचालन गरिने छ । अधिराज्यभरीका कक्षा ४ र ५ का छात्रा तथा १८ द्रुगम जिल्लाहरुका छात्र एवम् छात्राहरुलाई निःशुल्क पाठ्य पुस्तक उपलब्ध गराउन रकमको व्यवस्था गरेको छु । शिक्षक तालीम, महिला शिक्षा तथा प्रौढ शिक्षा जस्ता कार्यक्रमहरुलाई स्तरीय बनाउनको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । त्यस्तै प्राविधिक शिक्षाको लागि पनि आवश्यक रकमको व्यवस्था गरेको छु । विश्वबिद्यालयहरु, खेलकूद परिषद, एकेडेमीहरुको निम्ति आवश्यक रकम छुट्याएको छु । यसरी शिक्षा क्षेत्रको लागि रु.१ अर्व ४५ करोड ३८ लाख विनियोजन गरेको छु, जुन चालु आर्थिक वर्षको संशोधित अनुमानको दाँजोमा २५.२ प्रतिशतले बढी छ ।

४.१८ स्वास्थ्य क्षेत्रमा परिवार नियोजन, विस्तारित खोप आयोजना तथा झाडा पखाला रोग नियन्त्रण कार्यक्रमहरुलाई एकीकृत स्वास्थ्य कार्यक्रमको रुपमा संचालन गर्न प्राथमिकता दिई आवश्यक रकमको व्यवस्था गरिएको छ । स्वास्थ्य चौकी तथा जिल्ला अस्पतालमा आवश्यक औषधीहरु र औजारहरुको निम्ति चाहिने बजेट रकम व्यवस्था गरेको छु । नयाँ अस्पताल निर्माण र नयाँ स्वास्थ्य चौकीको निर्माणका लागि रकम छुट्याइएको छ । स्थानीय पंचायत तथा वडा तहमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन गर्न स्वास्थ्य स्वयम सेवक कार्यकर्ता तालीम आयोजनालाई जोड दिन आवश्यक बजेट रकम राखिएको छ । दैवी प्रकोपको सामना गर्न अस्पतालहरु र स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक रकमको व्यवस्था पनि मिलाएको छु । स्वास्थ्य कार्यक्रमको लागि रु.८१ करोड ९० लाख छुट्याएको छु, जुन चालु वर्षको संशोधित अनुमान भन्दा ६५.१ प्रतिशतले बढी छ ।

४.१९ आवासको लागि ठाउँ सुहाउँदो सस्तो प्रविधिको विकास, ग्रामीण तथा शहरी क्षेत्रको योजनाबद्ध आवास विकासको लागि रु.९ करोड ३९ लाख व्यवस्था गरेको छु ।

४.२० शहरी क्षेत्रमा खानेपानी तथा ढल निकास कार्यक्रम संचालनका लागि रु.८ करोड ९४ लाख र ग्रामीण क्षेत्रमा खानेपानी कार्यक्रम संचालन गर्न रु.४२ करोड ७१ लाख रकमको व्यवस्था गरेको छु । यो रकम चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा ६०.६ प्रतिशतले बढी छ ।

४.२१ पंचायत तथा स्थानीय विकास कार्यक्रमहरु अन्तरगत एकीकृत ग्रामीण विकास कार्यक्रम, द्रूर्गम क्षेत्र विकास कार्यक्रम तथा महिला विकास कार्यक्रमहरु संचालनका लागि रु.५१ करोड २९ लाखको व्यवस्था गरिएको छ, जुन चालु आर्थिक वर्षको संशोधित अनुमानको दाँजोमा २५.३ प्रतिशतले बढी छ ।

४.२२ विकेन्द्रीकरणको सिद्धान्त अनुरुप जिल्ला स्तरका कार्यालयहरु र संगठनहरुलाई प्रभावकारी बनाउन संस्थागत सुधार कार्य गरिने छ । जिल्ला स्तरीय कार्यक्रम र अनुदान समेतको निम्ति रु.२ अर्व ७१ करोड १० लाखको व्यवस्था गरेको छु, जुन चालु वर्षको अनुमानको दाँजोमा ३१.३ प्रतिशतले बृद्धि भएको छ ।

४.२३ विकास कार्यक्रमहरुमा जन सहभागिता परिचालन गरी खास, खास क्षेत्रहरुमा उपभोक्ता समूहहरुलाई योजना कार्यान्वयन देखि संचालन तथा मर्मत सम्भार कार्यमा संलग्न गराउन प्रचार, प्रसार तथा सीपमुलक तालीमहरुको लागि सम्बन्धित क्षेत्रहरुमा रकमको व्यवस्था गरेको छु ।

४.२४ आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरुलाई सर्वोपरी प्राथमिकता दिई बजेट तर्जुमा गरेको कुरा मैले माथि भनि सकें । आधारभूत आवश्यकतासंग सम्बन्धित सरकारी क्षेत्रहरुमा आगामी आर्थिक वर्षमा व्यवस्था भएको कुल विकास रकमको करिब ३६.७ प्रतिशत छ र यी क्षेत्रहरुको लागि छुट्याइएको कुल बजेटमा करिब ८२ प्रतिशत रकम आधारभूत आवश्यकता कार्यक्रमसंग सम्बन्धित छ । यसरी चालु वर्षको तुलनामा सिंचाईमा ९५.१ प्रतिशत, खानेपानीमा ४८ प्रतिशत र कृषिमा ५४.५ प्रतिशतले बृद्धि गरिएको छ भने स्वास्थ्यमा १०.७ प्रतिशत र शिक्षामा १६.८ प्रतिशतले बृद्धि गरिएको छ । आवासमा आगामी आर्थिक वर्षदेखि छुट्टै रकमको व्यवस्था गरिएको छ ।

४.२५ आधारभूत आवश्यकतासंग प्रत्यक्ष रुपले सम्बन्धित क्षेत्रहरुको बजेट तर्जुमा गर्दा ती क्षेत्रहरुको वि.सं. २०५७ सम्मको कार्यक्रमहरु तथा लगानी प्रक्षेपण सम्बन्धमा विस्तृत रुपले विश्लेषण तथा सम्बन्धित क्षेत्रको मागलाई मध्यनजर राखी कार्यक्रमहरु संचालन तथा सम्पादनमा सकारात्मक प्रभाव पार्न प्रयत्न गरेको छु भने अन्य क्षेत्रहरुको बजेट तर्जुमामा आधारभूत आवश्यकतालाई अप्रत्यक्ष रुपले सघाउ पुऱ्याउने कार्यक्रमहरु खास गरी उत्पादन सामाग्री र उत्पादीत वस्तुहरुको ओसार पसारमा शीघ्रता तथा सुगमता ल्याउन यातायातको अग्रीम भूमिका रहने भएकोले यातायात विकासको निम्ति आवश्यक बजेट उपलब्ध गराउन प्राथमिकता दिएको छु । माथि उल्लेखित व्यवस्थाहरुबाट निश्चयनै आधारभूत आवश्यकता परिपूर्तिमा तीव्रता आउने विश्वास लिएको छु ।

४.२६ उल्लेखित कार्यक्रमहरु मध्ये केन्द्र स्तरबाट संचालन हुने कार्यक्रमहरुमा कुल बजेटको ७९.७ प्रतिशत अर्थात रु.१० अर्व ६५ करोड ७१ लाख छुट्याएको छु, जुन चालु आर्थिक वर्षको लागि विनियोजन गरेको रकमको दाँजोमा ३०.५ प्रतिशतले बढी छ ।

४.२७ यसरी साधारण र विकासमा खर्च गरिने जम्मा रु.१९ अर्व ५२ करोड २ लाख मध्ये राजश्वको वर्तमान श्रोतबाट रु.८ अर्व ७० करोड र वैदेशिक ऋण तथा सहायता अनुदान गरी जम्मा रु.८ अर्व ८९ करोड २ लाख व्यहोर्ने भई वांकी रु.१ अर्व ९३ करोड न्यून रहने छ।

अध्यक्ष महोदय,

५.१ अब म आर्थिक वर्ष २०४५।४६ को लागि कर प्रस्ताव पेश गर्दछु।

५.२ राजश्व सम्बन्धी प्रस्तावहरु तर्जुमा गर्दा माननीय सदस्यहरुले समय समयमा व्यक्त गर्नु भएको भावना, केन्द्रीय टेरिफ वोर्डको सिफारिसहरु उद्योग वाणिज्य संघ तथा विभिन्न उद्योग, व्यापार व्यवसायमा संलग्न महानुभावहरु समाजका प्रवुद्धवर्ग तथा अर्थविदहरुसंगको बजेट तैयारी पूर्वकालीन भेटवार्ताको अवसरमा प्राप्त सुझावहरु समेतलाई मनन् गरी कर प्रस्तावहरु तयार गरेको छु।

५.३ चालु तथा विगत आर्थिक वर्षहरुमा राजश्व संकलनमा भएको उल्लेखनीय वृद्धिबाट करहरुको दरमा बृद्धि गर्नु भन्दा भैरहेका करका श्रोतहरुलाई दक्षतापूर्वक संचालन गर्नु कर व्यवस्थालाई सरलीकरण गर्नु तथा कर प्रशासनलाई सुदृढिकरण गर्नु नै बढी प्रभावकारी हुनुको साथै बढी सामाजिक न्याय हुने स्पष्ट भएको छ। यसकारण आगामी आर्थिक वर्ष पनि करको दायरा फराकिलो गर्ने र कर चुहावटलाई अझ नियन्त्रण गर्ने तर्फ प्रयासहरु गरिने छ।

५.४ हाम्रो कर प्रणालीमा प्रत्यक्ष करको भन्दा अप्रत्यक्ष करको ठूलो वाहुल्यता छ। राजश्वको श्रोतलाई दिगो र स्थायी बनाउन तथा सामाजिक न्यायको लागि पनि प्रत्यक्ष कर संकलनको अंश बढाउदै लैजानु आवश्यक छ। यीनै तथ्यलाई ध्यानमा राखी आगामी वर्षको लागि कर प्रस्तावहरु तर्जुमा गर्दा मूख्य पाँच वूंदाहरुमा ध्यान दिएको छु। पहिलो त कर संकलनमा प्रत्यक्ष करमा ध्यान दिने, दोश्रो कर संकलनमा हुन सक्ने चुहावटलाई प्रकृयागत सुधारबाट नियन्त्रण गर्ने, तेश्रो मूल्य स्थितिमा अनुकूल प्रभाव पार्ने, चौथो स्वदेशी उद्योगहरुलाई विदेशी प्रतिस्पर्धाबाट उचित संरक्षण प्रदान गर्ने र पांचौमा देशको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने।

५.५ अब म प्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु।

५.६ मैले अघि उल्लेख गरे झैं करको दरवन्दीमा हेरफेर गर्नु भन्दा कर संकलनमा प्रकृयागत सुधार तथा कर व्यवस्थालाई सरलीकरण गरी बढी राजश्व उठाउन सकिन्छ भन्ने धारणा छ। यही उद्देश्य राखी आयकरमा चुहावट नियन्त्रण गर्न तथा आयकर संकलन प्रभावकारी बनाउन केही कारोवारमा अग्रिम आयकर लिने व्यवस्था गरेको छु। तद्नुसार आगामी आर्थिक वर्षदेखि नेपाल अधिराज्यभर पैठारी हुने व्यापारिक मालसामानहरुमा पैठारीकै अवस्थामा भंसार प्रयोजनको लागि कायम गरिउको मूल्यमा ५ प्रतिशतका दरले पैठारीकर्ताहरुबाट अग्रिम आयकर असूल गरिने छ। यसरि कट्टा गरेको अग्रिम आयकर रकम अन्तिम कर निर्धारण हुंदा मिलान गरिने छ। यस व्यवस्थाबाट पैठारीबाट आय आर्जन गर्ने सबै आयकरदाताहरु करको दायरा भित्र आउने छन् र कर चुहावटमा पनि नियन्त्रण हुने विश्वास लिएको छु।

५.७ नेपाल अधिराज्यमा हवाई यातायात सेवा संचालन गर्ने विदेशी हवाई कम्पनीहरुलाई हालसम्म उनीहरुको कुल कारोवार तथा कुल मूनाफा मध्य नेपाल अधिराज्यमा भएको कुल कारोवारको अनुपातमा आयकर लगाउने व्यवस्था भइरहेकोमा यसबाट नेपाल अधिराज्यमा भए गरेको कारोवार तथा मुनाफालाई प्रतिविम्वित नगर्ने हुनाले आगामी आर्थिक वर्षदेखि नेपाल अधिराज्य भित्र गरेको कुल कारोवार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असूल गरिने छ। तर नेपाल अधिराज्यमा हवाई यातायात सेवा संचालन नगरि कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनिहरुको हकमा यस्ता कम्पनीहरुले नेपाल अधिराज्यमा गरेको कुल कारोवार रकमको २ प्रतिशतका दरले आयकर लगाईने छ।

५.८ आयकर तर्फ सिमान्त आयकर दर उच्च राख्दा कर चुहावटको साथसाथै बढी परिश्रम गरौं भन्ने भावनामा पनि प्रतिकूल असर पर्न गएको तथ्य हाम्रै र अन्य देशहरुको अनुभवबाट पनि सिद्ध भएको छ। यीनै तथ्यलाई ध्यानमा राखी आयकरको उच्चतम दर ५५ प्रतिशत रहि आएकोमा आगामी वर्ष देखि ५० प्रतिशतमा घटाएको छु। पारिश्रमिक आयकर दाताहरुको हकमा यो वर्गले आर्जन गर्ने आय आफ्नै परिश्रमको आधारमा गरिने हुनाले यसरी गरिएको आयलाई अन्य आयभन्दा केही फरक व्यवहार गर्नु वान्छनिय भएकोले पारिश्रमिक आयमा भने उच्चतम सिमान्त आयकर दर ४० प्रतिशत मात्र कायम गरेको छु। पारिश्रमिक करदाताहरुको पारिश्रमिक आय बाहेक अन्य आयको श्रोत भएमा पारिश्रमिक आयको हकमा बढीमा ४० प्रतिशत मात्र लगाई सो दरले खामे भन्दा बढी हुने अन्य श्रोतको आयमा आयकरको माथिल्लो दर लाग्नेछ।

५.९ पब्लिक लिमिटेड कम्पनीमा लगानी आकर्षित गर्ने उद्देश्यले कर्पोरिट आयकर लाग्ने कम्पनी तथा संस्थानहरुले वितरण गर्ने लाभांशमा आगामी वर्ष देखि लाभांशमा लाग्ने आयकरमा ८५ प्रतिशत छुट दिइने छ।

५.१० हाम्रो निर्यातमा उल्लेखनीय बृद्धि भएता पनि हाम्रो निर्यातको गन्तव्य स्थल सीमित हुनुको साथै निर्यात हुने वस्तुको किसिम पनि सीमित रहेको छ। तसर्थ निर्यातलाई प्रोत्साहन गर्न आगामी वर्ष देखि निर्यात व्यापारबाट हुने आयमा आयकर नलाग्ने व्यवस्था गरेको छु।

५.११ विगत केही वर्षदेखि फिल्म डिष्ट्रिव्यूटर कर लगाई आएकोमा यसबाट हुने राजश्व संकलन भन्दा संकलन गर्न लाग्ने खर्च बढी भएको छ । यसबाट कर प्रशासन तथा कर दाता दुवैलाई अनावश्यक भार परेको अनुभव भएकोले आगामी वर्षदेखि फिल्म डिष्ट्रिव्यूटर कर खारेज गरेको छु ।

५.१२ आयकर तर्फ अन्य व्यवस्था यथावत कायम गरिएको छ ।

५.१३ उपर्युक्त व्यवस्थाबाट आगामी आर्थिक वर्ष करीब रु. ४० करोड थप राजश्व संकलन हुने अनुमान छ ।

५.१४ शहरी क्षेत्रमा घर निर्माणहरु जुन वेगले भैरहेको छ त्यसबाट सार्वजनिक सेवा माथिको चाप त्यति नै मात्रामा परिरहेको छ । प्रत्यक्ष कर तर्फ शहरी क्षेत्रमा लागि आएको घर जग्गाकर पनि एक प्रमुख श्रोतको रुपमा विकास हुनु पर्ने देखिन्छ । तर शहरी क्षेत्रका घर जग्गाको मूल्याङ्कन दश वाह्र वर्ष पूरानो भएकोले हालको बजार मूल्यलाई प्रतिविम्वित गर्न सकेको छैन । यस वाहेक शहरी क्षेत्रको घर जग्गाकर लगाउँदा विभिन्न किसिमको छुटको व्यवस्थाबाट पनि सामाजिक न्याय हुन नगएको देखिएको छ । यिनै वास्तविकताहरुलाई ध्यानमा राखी शहरी क्षेत्रको घर जग्गा मूल्याङ्कन गर्दा घर निर्माणमा लाग्ने वास्तविक खर्च तथा जग्गाको चलन चल्तीको मूल्यको आधारमा घर जग्गाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छु । यस प्रकार कर प्रयोजनको लागि शहरी घर जग्गाको मूल्याङ्कन गर्दा घर तर्फ तोकेको दरमा मूल्याङ्कन गरी आएको रकममा ह्रास कट्टी गरी बाँकी हुने मूल्यको ७० प्रतिशत मात्र कर योग्य मूल्य कायम गरिने छ । त्यस्तै जग्गा तर्फ प्रत्येक शहरी क्षेत्रको प्रत्येक अंचलको बाटो तथा सडकको वर्गीकरणको आधारमा जग्गाको मूल्य तोकी त्यसको २० प्रतिशत मात्र कर योग्य मूल्य कायम गरी हुने घर जग्गाको कर योग्य मूल्यमा आगामी वर्ष देखि निम्न दर वमोजिम शहरी क्षेत्रमा घर जग्गा कर लगाइने छ । आगामी वर्ष देखि नारायणघाटमा पनि शहरी क्षेत्रमा लाग्ने घर जग्गा कर लगाइने छ ।

शहरी क्षेत्रका घर जग्गामा लाग्ने करको दर

| कर योग्य मूल्य | करको दर |
|---|---|
| रु.२ लाख सम्म | केही नलाग्ने |
| त्यसपछिको रु.५ लाखसम्ममा | एकमुष्ट रु. १००।– |
| त्यसपछिको रु.५ लाखसम्ममा | ०.१५ प्रतिशत |
| त्यसपछिको रु.५ लाखसम्ममा | ०.५० प्रतिशत |
| त्यसपछिको रु.५ लाखसम्ममा | १.०० प्रतिशत |
| त्यसपछिको माथि जतिसुकैमा | २.०० प्रतिशत |

५.१५ शहरी क्षेत्रमा लाग्ने घर जग्गा कर सम्बन्धी हाल भैरहेको अरु छुट र दर सम्बन्धी व्यवस्था खारेज गरेको छु ।

५.१६ उपर्युक्त व्यवस्थाबाट थप रु. २ करोड राजश्व संकलन हुने अनुमान छ ।

५.१७ पंचायत विकास तथा जग्गा कर स्थानीय विकासको लागि आर्थिक श्रोत जुटाउने एउटा सशक्त माध्यम हो भन्ने वारे चालु वर्षको बजेट पेश गर्दा पनि उल्लेख गरेको थिएँ । स्थानीय विकासमा टेवा पुऱ्याउन विकेन्द्रीकरण ऐन वमोजिम पंचायत विकास तथा जग्गा कर उठाउन स्थानीय पंचायतलाई प्रोत्साहन गर्न श्री ५ को सरकारले विशेष कदम चाल्ने छ ।

५.१८ देशमा आवासको व्यवस्थित विकासको लागि प्रोत्साहन गर्न सरकारी मान्यता प्राप्त हाउसिंग कम्पनीले जग्गा खरिद गर्दा र उक्त जग्गा विक्री गर्दा दुवै कारोवारमा रजिष्ट्रेशन दस्तुर लाग्न गई ज्यांदा करको भार पर्ने हुनाले यस्तो कम्पनीहरुले खरिद गर्दा रजिष्ट्रेशन दस्तुर तिरीसकेको जग्गा वेच्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ८० प्रतिशत छुट दिने व्यवस्था गरेको छु ।

५.१९ माथि उल्लेखित परिवर्तनहरु वाहेक मालपोत, भूमि कर, रजिष्ट्रेशन दस्तुरको दर सम्बन्धमा हाल रहेको व्यवस्था यथावत कायम राखेको छु ।

५.२० उपर्युक्त परिवर्तनहरु बाहेक हाल लागु रहेका अरु सबै प्रत्यक्ष करहरु यथावतै नै कायम राखिएको छ ।

५.२१ अव म अप्रत्यक्ष करहरु सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.२२ सर्वप्रथम म आजै देखि लागु हुने गरी भंसार महशूल दर सम्बन्धी प्रसताव पेश गर्दछु ।

५.२३ जनसधारणले उपयोग गर्ने सूति कपडा, सूति लुगा, क्यानभास तथा कपडाको जुत्ता, छाता, लालटिन, चुरा, चिया, स्टोभ जस्ता वस्तुहरुमा पैठारी महशूल दर घटाएको छु ।

५.२४ शिशु आहारको लागि प्रयोग हुने प्याकेट तथा डिव्बाबन्दि धूलो दूध तथा पौष्टिक आहारको पैठारीमा हाल लागि आएको २५ प्रतिशत अतिरिक्त भन्सार महशूललाई घटाई १० प्रतिशत मात्र कायम गरेको छु ।

५.२५ वस्तुहरुको मूल्य तथा सर्वसाधारणको दैनिक खर्चमा ढुवानी खर्च तथा परिवहन खर्चको अंश पनि बढ्दै गएको छ । यिनै तथ्यलाई ध्यानमा राखी सार्वजनिक यातायातका साधनहरु बस, ट्रक, टेम्पो तथा सवारी साधनका पार्टपूर्जाहरुमा लागि आएको भन्सार महशूल दर घटाएको छु ।

५.२६ सूति धागोमा आधारित उद्योगहरुलाई अरु प्रोत्साहित गरी लत्ता कपडा उद्योगलाई बढावा दिन सूति धागोमा लागि आएको भन्सार महशूल खारेज गरेको छु ।

५.२७ स्वदेशी उद्योगहरुलाई संरक्षण यथावत कायम राख्न स्वदेशी उद्योगहरुले उत्पादन गर्ने खालका कपडाको पैठारीमा लागि रहेको अतिरिक्त भन्सार महशूल कायमनै राखी देशमा उत्पादन नहुने कपडाको आयातमा अतिरिक्त भंसार मशूल १०० प्रतिशतबाट ५५ प्रतिशतमा घटाएको छु ।

५.२८ चिनीको पैठारीमा लाग्ने अतिरिक्त भंसार महशूल, समिकारक महशूल हटाउनको साथै चिनीको भंसार महशूल पनि घटाएको छु ।

५.२९ पैठारीमा कर छुट पाउने व्यक्ति वा संस्थाले कुनै मालसामान वा वस्तु पैठारी गरेमा कर छुट पाउने तर सोही मालसामान वा वस्तु स्वदेशमा खरिद गरेमा कर छुट नहुने हुंदा स्वदेशी उद्योगहरुलाई मर्का परेको देखिएकाले पैठारीमा कर छुट हुने रहेछ भने स्वदेशी उद्योगले बिक्री गरेको वस्तुहरुमा पनि लागेको कर फिर्ता दिने व्यवस्था गरिएको छ ।

५.३० छाला उद्योगले प्रयोग गर्ने सहायक कच्चा पदार्थ र रासायनिक पदार्थहरुको पैठारीमा हाल लागि आएको अतिरिक्त भंसार महशूल नलाग्ने व्यवस्था गरिएको छ ।

५.३१ भिsटी गुण्टा भारीमा कुनै यात्रीले आफुसंग ल्याएको वा आफु आउनु अघि वा पछि ल्याएको वा पठाएको सामानमा साधारण भंसार महशूल, अतिरिक्त भंसार महशूल तथा समिकारक महशूल नलगाई समदरमा भंसार महशूल लगाइने व्यवस्था गरेको छु ।

५.३२ भंसार प्रयोजनको लागि पैठारी भएको वस्तुको मूल्याङ्कन गर्दा माल वस्तुको मूल्यमा ढुवानी खर्च समेत जोडी मूल्याङ्कन गरिने हुंदा हवाई मार्गबाट आयात गर्न हतोत्साहीत हुने भएको छ । देशको भौगोलिक स्थिति तथा स्थल मार्गमा पैठारी कर्ताले सामना गर्नु पर्ने कठिनाईहरुलाई ध्यानमा राखी हवाई मार्गबाट पैठारी भएको वस्तुहरुको ढुवानी खर्च निर्धारण गर्दा स्थल मार्गकै ढुवानी खर्चको आधारमा निर्धारण गरी भंसार महशूल असूल गर्ने व्यवस्था गरिएको छ ।

५.३३ संशोधित भंसार महशूल दरहरु अनुसूची १ र ४ मा दिइएको छ ।

५.३४ उपर्युक्त परिवर्तनहरुबाट थप करिब रु. १५ करोड राजश्व संकलन हुने अनुमान छ ।

५.३५ यी परिवर्तनहरु बाहेक अरु भंसार महशूल दर यथावत कायम राखिएको छ ।

५.३६ अव म आजैदेखि लागु हुने गरी अन्त: शुल्क सम्बन्धी प्रस्तावहरु पेश गर्दछु ।

५.३७ चामल, खाने तेल, चिया र जुटका सामानहरुमा लागि आएको अन्त:शुल्क नलाग्ने व्यवस्था गरेको छु ।

५.३८ लत्ता कपडा उद्योगहरुले आफ्नो उत्पादन उद्योगको क्षमता अनुसार उत्पादन गर्न प्रोत्साहित गर्ने उद्देश्यले तथा यी उद्योगहरु स्थापना गर्न प्रोत्साहन प्रदान गर्न हाल लागि आएको अन्त:शुल्क दरमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । साथै चालु आर्थिक वर्ष भन्दा बढी कपडा उत्पादन गर्ने औद्योगिक प्रतिष्ठानहरुलाई बढी उत्पादन गरेजतिको परिमाणमा थप २५ प्रतिशत अन्त:शुल्क छुट दिने व्यवस्था गरेको छु । चालु वर्ष पूरा अवधि नचलेका औद्योगिक प्रतिष्ठानको हकमा चलेको अवधिको आधारमा दामासाहीले वार्षिक उत्पादन कायम गरी सो भन्दा बढी उत्पादन गरेजतिमा मात्र थप अन्त:शुल्क छुट दिने व्यवस्था गरेको छु ।

५.३९ लेमु, कोकाकोला, पेप्सी जस्ता हल्का पेय पदार्थमा तथा कृत्रिम ऊनी धागोमा केही अन्त:शुल्क दर बढाएको छु ।

५.४० संशोधित अन्त:शुल्क दरवन्दी अनुसूची ५ मा दिइएको छ ।

५.४१ अन्त:शुल्क सम्बन्धी यी परिवर्तनहरुबाट थप रु. ३ करोड राजश्व संकलन हुने अनुमान छ ।

५.४२ अन्तःशुल्क सम्बन्धी अन्य व्यवस्था यथावत कायम राखेको छु ।

५.४३ अव म विक्री कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.४४ विदेशी मुद्रा आर्जन हुने गरी कुनै उद्योगले आफ्नो उत्पादन नेपाल अधिराज्यमा नै विक्री गरेमा विक्री कर छुट दिने व्यवस्था गरेको छु ।

५.४५ कुनै उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, यन्त्र, उपकरण तथा औजारहरु पैठारी गर्दा विक्री कर नलाग्ने रहेछ भने त्यस्ता उद्योगले स्वदेशका उद्योगबाट कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, यन्त्र, उपकरण तथा औजारहरु खरिद गर्दा पनि बिक्री कर छुट दिने व्यवस्था कायमै राखेको छु ।

५.४६ स्वदेशी शिशाकलम उद्योगलाई आफ्नो उत्पादन विक्री गर्दा लगाई आएको बिक्री कर पूर्ण रुपमा छुट दिने व्यवस्था गरेको छु ।

५.४७ संशोधित बिक्री करको दरहरु अनुसूची ६ मा दिइएको छ ।

५.४८ यसमा उल्लेखित परिवर्तनहरु वाहेक विक्री कर सम्बन्धी अन्य व्यवस्था यथावत कायम गरिएको छ ।

५.४९ विदेशी मुद्रा भुक्तान हुने गरी सामान खरिद गर्दा विदेशी कम्पनी तथा सप्लायर्सलाई ठेक्का कर नलाग्ने व्यवस्था भएकोमा त्यस्तो ठेक्कामा स्वदेशी उद्योगले प्रतिस्पर्धा गरी ठेक्का प्राप्त गरी नेपाली रुपैयामा भुक्तानी हुनेमा पनि ठेक्का कर नलाग्ने व्यवस्था गरेको छु ।

५.५० हाल लागि आएको रोपवे कर खारेज गरेको छु ।

५.५१ माथि उल्लेखित करहरु बाहेक अन्य करहरु यथावत कायम गरिएको छ ।

५.५२ मैले आगामी आर्थिक वर्ष २०४५।४६ को आय व्यय विवरण पेश गर्दा जम्मा १ अर्व ९३ करोड न्यून हुने उल्लेख गरेको थिएँ । त्यसमध्ये कर परिवर्तनबाट रु.६० करोड प्राप्त हुने भै अव रु.१ अर्व ३३ करोड न्यून हुन आउँछ । यसलाई गैह्र बैकिङ्ग क्षेत्रबाट रु.५० करोड र बैकिङ्ग क्षेत्रबाट रु.८३ करोड आन्तरिक ऋण उठाई पूर्ति गरिने छ ।

६.१ प्रस्तुत बजेट अर्थ व्यवस्थामा चालु आर्थिक वर्षमा देखा परेका सुधारहरुलाई समेट्दै श्री ५ महाराजाधिराज सरकारबाट विकास क्षेत्रको भ्रमणमा बक्स भएको निर्देशनहरुलाई समयबद्ध गरी सम्पन्न गर्ने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रमलाई अगाडि बढाउने, विकासको गतिलाई तीव्र पार्ने, मूल्य बृद्धि नियन्त्रण गर्ने तथा आर्थिक व्यवस्थापनलाई दरिलो बनाउने तर्फ परिलक्षित छ ।

६.२ आगामी वर्ष विकासको दरमा हुने बृद्धिको पूर्व अनुमान अर्थ व्यवस्थामा महत्वपूर्ण स्थान ओगटेको कृषि क्षेत्रको क्रियाकलाप कस्तो हुन्छ भन्नेमा निर्भर रहने तथ्य सबैलाई विदितै छ । कृषि उत्पादनमा आएको उतारचढावले गर्दा आर्थिक विकास दरमानै अस्थिरता आएको कुरा हामी सबैले महसूस गरेका छौ । हालसम्म मौसमको प्रवृत्तिलाई हेर्दा आगामी वर्ष मौसम अनुकूल रहने अनुमान गरिएको छ । विगत वर्षहरु देखि साना सिंचाई तथा भूमिगत जल विकासमा विशेष जोड दिदैं आएकोले पनि आगामी वर्ष कृषि उत्पादनमा निश्चयनै सकारात्मक असर पर्ने आशा गर्न सकिन्छ । त्यस्तै उद्योग व्यापार क्षेत्रमा अपनाइएको उदारनीति तथा निजी क्षेत्र र संयुक्त लगानीको लागि सृजना गरिएको अनुकूल वातावरणको फलस्वरुप उद्योग व्यापार गतिविधि पनि सामान्य भन्दा राम्रो हुने अनुमान गरिन्छ । आर्थिक व्यवस्थापनको क्रममा विगत वर्षदेखि कार्यान्वयन गरिएका मौद्रिक, कर्जा एवं विनिमय नीतिको सकारात्मक योगदानलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षमा सो नीतिमा आवश्यक सुधार गरी कार्यान्वयन गरिने हुंदा यसबाट आर्थिक व्यवस्थापन अझ दरिलो बनाउन सघाउ पुग्ने विश्वास लिएको छु । पहिलो पटक बृहत रुपमा आधारभूत आवश्यकताको कार्यक्रमलाई केन्द्रविन्दु बनाई तयार गरिएको आगामी वर्षको यस बजेटबाट निश्चयनै हाम्रो प्रयास सार्थक हुन्छ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

६.३ आज निरपेक्ष गरीवी रेखा मुनी रहेका जनताको जीबनस्तर उकास्न उनीहरुलाई आय मूलक रोजगारीको अवसर प्रदान कसरी गर्ने भन्ने बिषय हाम्रो सामु ठूलो चुनौतिको रुपमा खडा छ । त्यस्तै विदेशी बिनिमय दरमा भएको बृद्धिले गर्दा उत्पादन खर्चमा कसरी कम गर्ने तथा आयातीत वस्तुहरुलाई कसरी सस्तोमा उपलव्ध गराउने भन्ने नै हाम्रो प्रमुख समस्या छ । यही चुनौतीहरुको सामना गर्ने मुख्य उद्देश्यले प्रस्तुत बजेटमा मौद्रिक तथा बित्तिय नीति र कार्यक्रमहरु प्रतिपादित गरिएका छन् । यिनको सफल कार्यान्वयनबाट अवस्य नै बजेटले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न हामी सक्षम हुने छौं भन्ने कुरामा पनि विश्वस्त छु ।

६.४ बैदेशिक सहायता तर्फ सात औद्योगिक राष्ट्रहरुको समूहको क्यानाडाको टोरन्टो बैठकमा भएका विकासशिल देशहरुको ऋण मोचन सम्बन्धी नयाँ सोचाईहरु सकारात्मक रहेका छन् । त्यस्तै जापानले विकासशिल देशहरुलाई दिइने आर्थिक सहयोग आउंदो ५ बर्षमा दोब्बर गर्ने र तिनको ऋण भार क्रमशः घटाउँदै लैजाने निर्णयहरु पनि उत्साहवर्धक रहेका छन् । यसरी अन्तरराष्ट्रिय सहयोगको वातावरण अनुकूल हुन लागेको महसूस गरेको छु । यस परिप्रेक्षमा विदेशी सहयोगको क्षेत्र बढ्दै जाने नै देख्दछु ।

६.५ हाम्रो विकास प्रयासमा निरन्तर सहयोग गर्दै आएका हाम्रा मित्र राष्ट्रहरु नेपाल सहायता समूहका सदस्य राष्ट्रहरु, खास गरी मित्र राष्ट्र जापान तथा संघीय गणतन्त्र जर्मनी र विश्व बैंक, एशियाली विकास बैंक तथा अन्य वहुपक्षिय संघ संस्थाहरुलाई श्री ५ को सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु । भविष्यमा अझ बढी सहयोग मिल्ने कुरामा म आसान्वित छु ।

६.६ अन्त्यमा श्री ५ महाराजाधिराज सरकारबाट वैशाख १ गते २०४५ साल नव वर्षको उपलक्षमा देशवासीका नाममा बक्सेको सन्देश यहाँ संस्मरण गर्न चाहन्छु । “सबै नेपाली सुखी रहुन भन्ने उद्देश्यले लागु गरिएको आधारभूत आवश्यकताको कार्यक्रम सम्पूर्ण नेपालीको संकल्प विना पूरा नहुने भएकोले यसको लागि श्री ५ को सरकारदेखि लिएर जिल्ला, नगर तथा गाउँ पंचायतहरुका साथै निजी क्षेत्रमा पनि प्रत्येक संघ संस्था समेतले आ-आफ्नो तहमा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको परिपाटी बसाल्दै लानु पर्ने कुरामा हामीले जोड दिई आएका छौं ।” यही पवित्र भावनाबाट अभिप्रेरित भै त्यसमा अन्तरनिहित मर्मलाई आत्मसात गरी “सबै नेपाली सुखी रहुन भन्ने” राजाको एक मात्र सदिच्छा अनुकूल तैयार गरिएको यस बजेट प्रति नीजि क्षेत्र, राष्ट्र सेवक तथा सर्वसाधारण सबैको सहयोगको श्री ५ को सरकारले अपेक्षा गर्दछ ।

## आय व्ययको विवरण

रु. हजारमा

| आ.ब. ०४३।४४ को यथार्थ | विवरण | आ.ब. ०४४।४५ को संशोधित अनुमान | आ.ब. ०४५।४६ को अनुमान |
|---|---|---|---|
| ११५१३१७९ | कूल खर्च | १३६७७७२९ | १९५२०२०० |
| ४१३५२३२ | साधारण तर्फ | ४७८८९८० | ६१५२१३९ |
| ७३७७९४७ | विकास तर्फ | ८८८८७४९ | १३३६८०६१ |
| ७२६०१८१ | खर्च व्यहोर्ने श्रोतहरु | ९३९८४९४ | ११८९४०९३ |
| ५९७५१३३ | राजश्व | ७३२०००० | ९३००००० |
| | आयको वर्तमान श्रोतबाट | | ८७००००० |
| | कर परिवर्तनबाट | | ६००००० |
| १२८५०४८ | बैदेशिक सहायता (अनुदान) | २०७८४९४ | २५९४०९३ |
| १०१२०१७ | द्विपक्षीय | १८०००४८ | २१२५२११ |
| २७३०३१ | बहुपक्षीय | २७८४४६ | ४६८८८२ |
| -४२५२९९८ | बचत (+) न्यून (-) | -४२७९२३५ | -७६२६१०७ |
| | न्यून पूर्ति गर्ने श्रोतहरु | | |
| २७०५८३६ | विदेशी सहायता (ऋण) | ३१९०८२३ | ६२९६१०७ |
| ३३१२७२ | द्विपक्षीय | ४९८०५१ | ७५५९३८ |
| २३७४५६४ | बहुपक्षीय | २६९२७७२ | ५५४०१६९ |
| १६४४७०० | आन्तरिक ऋण | १०८८४१२ | १३३०००० |
| १११६३०० | (क) बैकिङ्ग क्षेत्रबाट ऋण | ७२०००० | ८३०००० |
| ५२८४०० | (ख) गैर बैकिङ्ग क्षेत्रबाट ऋण | ३६८४१२ | ५००००० |
| -९७५३८ | नगद मौज्दातमा परिवर्तन (- बृद्धि) | | |

राजश्व अनुमान
२०४५/४६

रु.हजारमा

| संकेत संख्या | शीर्षक | उप – शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | | २५००००० | १५०००० | २६५०००० |
| १.१.१.१ | | पैठारीबाट | २२९३००० | १५०००० | २४४३००० |
| १.१.१.२ | | निकासीबाट | १०३००० | ० | १०३००० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | १०२००० | ० | १०२००० |
| १.१.१.४ | | भन्सारको अन्य आय | २००० | ० | २००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | २९९४५०० | ३०००० | ३०२४५०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १०२०००० | ३०००० | १०५०००० |
| १.१-२.२ | | मदभट्टी ठेक्का रकम | ३५०० | ० | ३५०० |
| १.१.२.३ | | विक्री कर | १५१०००० | ० | १५१०००० |
| १.१.२.४ | | मनोरञ्जन कर | ३६५०० | ० | ३६५०० |
| १.१.२.६ | | होटल कर | ९६५०० | | |
| १.१.२.७ | | हवाइ उडान कर | ७४५०० | ० | ७४५०० |
| १.१.२.८ | | ठेक्का कर | २२६००० | ० | २२६००० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | २७५०० | ० | २७५०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | ४०७५०० | ० | ४०७५०० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७७५०० | ० | ७७५०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ३३०००० | ० | ३३०००० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ७००००० | ४२०००० | ११२०००० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | १७१२०० | ० | १७१२०० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | २७०० | ० | २७०० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | २२०० | ० | २२०० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ४०७४०० | ४००००० | ८०७४०० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ४४२०० | ० | ४४२०० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १७००० | २०००० | ३७००० |
| १.१.४.८ | | सवारी साधन कर | ३२८०० | ० | ३२८०० |
| १.१.४.९ क | | ब्याज कर | २२५०० | ० | २२५०० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ७५०००० | ० | ७५०००० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १२५०० | ० | १२५०० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ११०० | ० | ११०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | ९००० | ० | ९००० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ७७००० | ० | ७७००० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ६५०४०० | ० | ६५०४०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३६८००० | ० | ३६८००० |
| १.१.६.१ | | पिउने पानी महसूल | २५०० | ० | २५०० |
| १.१.६.२ | | पानीपोत | ३३०० | ० | ३३०० |
| १.१.६.३ | | विद्युत महसूल | ४००० | ० | ४००० |
| १.१.६.४ | | हुलाक सेवा | ६०००० | ० | ६०००० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | २१००० | ० | २१००० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १३००० | ० | १३००० |
| १.१.६.७ | | वन क्षेत्रको आय | १०७००० | ० | १०७००० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ५०००० | ० | ५०००० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १०७२०० | ० | १०७२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.७.० | लाभांस | | १५८५०० | ० | १५८५०० |
| १.१.७.१ | | वित्तीय स.स्था | १५३००० | ० | १५३००० |
| १.१.७.२ | | व्यापारिक संस्था | १४०० | ० | १४०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ४००० | ० | ४००० |
| १.१.७.४ | | सेवामूलक संस्था | १०० | ० | १०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | १३५००० | ० | १३५००० |
| १.१.८.१ | | खानी रोयल्टी | ४००० | ० | ४००० |
| १.१.८.३ | | अन्य रोयल्टी | १०००० | ० | १०००० |
| १.१.८.४ | | अन्य विक्री | १२१००० | ० | १२१००० |
| १.१.९.० | साँवा र ब्याज | | ४७१००० | ० | ४७१००० |
| १.१.९.१ | | साँवा–कम्पनी र संस्थानहरुबाट | २२०००० | ० | २२०००० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | २५१००० | ० | २५१००० |
| १.१.९.० | विविध आय | | २१५५०० | ० | २१५५०० |
| १.१.९.४ | | विविध आय | २१५५०० | ० | २१५५०० |
| | | | ८७००००० | ६००००० | ९३००००० |

राजश्व असूली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | आ.ब. २०४३।४४ को यथार्थ | आ.ब. २०४४।४५ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | | १५०५७०० | २२०५५०० |
| १.१.१.१ | | पैठारीबाट | १२८५३३२ | १९९६५०० |
| १.१.१.२ | | निकासीबाट | ७९९२७ | ९३८०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | १३८३१८ | ११३५०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | २१२३ | १७०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | २०९८०२२ | २५९२४०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ६७५४०८ | ८४१७०० |
| १.१.२.२ | | मदभट्टी ठेक्का रकम | ३२२७ | ३३०० |
| १.१.२.३ | | बिक्री कर | ११४३७९९ | १३४०००० |
| १.१.२.४ | | मनोरञ्जन कर | २६९३५ | ३१४०० |
| १.१.२.६ | | होटल कर | ६६०४० | ८५००० |
| १.१.२.७ | | हवाइ उडान कर | ४४७४८ | ७०००० |
| १.१.२.८ | | ठेक्का कर | १२६३४० | १९५००० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | ११५२५ | २६००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २८५२६९ | ३४११०० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७२३६६ | ७७१०० |
| १.१.३.३ | | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २११६१३ | २५९१०० |
| १.१.३.४ | | टिकट दस्तुर | १२९० | ४९०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ४८३४०६ | ६३६१०० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | १२०९३० | १५०००० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | १२०८ | २००० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | १५९ | १००० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | २८४३३२ | ३७७१०० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ३०९२९ | ४०००० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १३३६३ | १६००० |
| १.१.४.८ | | सवारी साधन कर | २२८०८ | २९००० |
| १.१.४.९ क | | ब्याज कर | ९६७७ | २१००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ८५२०४४ | ६७९४०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | ११६९० | १२००० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ९८३ | १००० |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | ७७१३ | ८५०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | १५७९८ | २१५०० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ८१५८६० | ६३६४०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको बिक्रीबाट प्राप्त आय | | ३११३५६ | ३३४००० |
| १.१.६.१ | | पिउने पानी महसूल | १५७९ | २३०० |
| १.१.६.२ | | पानीपोत | १२१६ | ३००० |
| १.१.६.३ | | विद्युत महसूल | ११५६ | २७०० |
| १.१.६.४ | | हुलाक सेवा | ४४३४१ | ५५००० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १७५५८ | २०००० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ९७९८ | ११००० |
| १.१.६.७ | | वन क्षेत्रको आय | १२९२७८ | १०५००० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ३७४६९ | ४५००० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ६८९६१ | ९०००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.७.० | लाभांस | | १०६५९३ | १२१७०० |
| १.१.७.१ | | वित्तीय स.स्था | १०१०३४ | ११७१०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १०५९ | ११०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ४५०० | ३५०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | २५३८७ | २५७०० |
| १.१.८.१ | | खानी रोयल्टी | ४१३८ | ३७०० |
| १.१.८.३ | | अन्य रोयल्टी | ११६२१ | ९००० |
| १.१.८.४ | | अन्य विक्री | ९६२८ | १३००० |
| १.१.९.० | साँवा र ब्याज | | ३००२९७ | ३७४२०० |
| १.१.९.१ | | साँवा–कम्पनी र संस्थानहरुबाट | १५०९१२ | १६३२०० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | १४८३११ | २१०००० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १०७४ | १००० |
| १.१.९.० | विविध आय | | ७०५९ | ९९०० |
| १.१.९.४ | | विविध आय | ७०५९ | ९९०० |
| | | कूल जम्मा | ५९७५१३३ | ७३२०००० |

साधारण बजेट : व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४३।४४ को यथार्थ | आ.ब. २०४४।४५ को संशोधित अनुमान | आ.ब. २०४५।४६ को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | | | १३२२३६ | १०६०९७ | १३७१५१ |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | २५५१५ | २८२५५ | २९५५५ |
| | १.२ | राजसभा | २५५४ | २२२३ | ४०९९ |
| | १.३ | राष्ट्रिय पञ्चायत | ११७५७ | १२१०० | १७२६६ |
| | १.४ | महालेखा परिक्षकको विभाग | १०१२९ | १२११४ | १५०८५ |
| | १.५ | सर्वोच्च अदालत | ५११९ | ५५९२ | ६७९९ |
| | १.६ | लोक सेवा आयोग | १२४६७ | १५७५६ | १३८७९ |
| | १.७ | निर्वाचन आयोग | ४१९३४ | ३२०० | ६७६१ |
| | १.८ | अख्तियार दुरुपयोग निवारण आयोग | १८५१ | १८६७ | २१४८ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | २२०० | २२६७ | २५९९ |
| | १.१० | पन्चायत नीति तथा जाँचबुझ समिति | १८७१० | २२७२३ | ३८९६० |
| २. साधारण प्रशासन | | | ६०१११५ | ६७६४५४ | ८४७६६४ |
| | २.१ | मन्त्रिपरिषद् | ४०७६ | ६०७० | ९३५६ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ७३०५८ | ७७५३२ | १०९४६५ |
| | २.३ | जिल्ला प्रशासन | ५१२७२ | ५३५३५ | ६६३६२ |
| | २.४ | प्रहरी | ४०९०५३ | ४७०१५६ | ५६४०३० |
| | २.५ | कारागार | २८७८९ | ३१५३४ | ४१६९२ |
| | २.६ | विविध | ३४४१७ | ३६७५२ | ५४३५९ |
| | २.७ | प्रशासन सुधार | ४५० | ८७५ | २४०० |
| ३. राजश्व प्रशासन | | | ९५५६४ | १०१२७८ | १२१६५४ |
| | ३.१ | मालपोत | ४२२२८ | ४२३५२ | ५२०९९ |
| | ३.२ | भन्सार | २९५२० | ३१६५१ | ३५७८७ |
| | ३.३ | अन्त:शुल्क | १०३६१ | १२०९५ | १४११६ |
| | ३.४ | कर | १३०३५ | १४७५५ | १९०९३ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ४२० | ४२५ | ५५९ |
| ४. आर्थिक प्रशासन र योजना | | | ३८२७० | ३८७३९ | ४४०८० |
| | ४.१ | योजना | १९७५ | २२१५ | २९०८ |
| | ४.२ | तथ्याङ्क | १८३६ | २१६७ | २७०९ |
| | ४.३ | महालेखा नियन्त्रक कार्यालय | ३१५१३ | ३४३५७ | ३८४६३ |
| | ४.४ | मेट्रिक नापतौल | २९४६ | ० | ० |
| ५.न्याय प्रशासन | | | ६६३०१ | ७०४१५ | ८५८४८ |
| | ५.१ | अदालत | ६५८९२ | ६९९८५ | ८५३७० |
| | ५.२ | अ.दु.नि.पुनरावेदन अदालत | ४०९ | ४३० | ४७८ |
| ६.वैदेशिक सेवा | | | १००७३६ | १०३३०४ | १३५६६० |
| | ६.१ | ब्रैदेशिक सेवा | ७७०२३ | ८७७०४ | ११६००० |
| | ६.२ | विविध | २३७१३ | १५६०० | १९६६० |
| ७. रक्षा | | | ७१२३६३ | ७९६४५२ | ९३६६२१ |
| | ७.१ | रक्षा | ६०२१०८ | ६६६४५२ | ७९१४६५ |
| | ७.२ | विविध | ११०२५५ | १३०००० | १४५१५६ |
| ८. सामाजिक सेवाहरु | | | ५०८१८२ | ५५५०९५ | ६६६३५२ |
| | ८.१ | शिक्षा | २४२२६२ | २५६३२५ | २८६७७८ |
| | ८.२ | स्वास्थ्य | १८२४७२ | २०८८८७ | २६८७०५ |
| | ८.३ | पिउने पानी | १२२६६ | १३६५७ | १८२५७ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | २५१४२ | २६८७२ | ३४९८१ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ४६०४० | ४९३५४ | ५७६३१ |
| ९. आर्थिक सेवाहरु | | | २८६०८९ | ३०३६४६ | ४००२९६ |
| | ९.१ | कृषि | ८३०१ | ८९५६ | ३१८०० |
| | ९.२ | सिंचाई | ६९१७ | ७९५६ | ९१८० |
| | ९.३ | भूमिसुधार | २७३७७ | २७२५४ | १२२३० |
| | ९.४ | नापी | ११८२५ | ९८७५ | १५९५० |
| | ९.५ | बन | १३३४३ | १३५६८ | १७३७२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९.६ | उद्योग तथा खानी | ८१४९ | ११२१२ | १६६६० |
| | ९.७ | सञ्चार | ११९११० | १२८५७५ | १६६१२३ |
| | ९.८ | यातायात | ८६०१९ | ९०७५५ | १२३०२० |
| | ९.९ | विद्युत | ० | ० | ० |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ५०४८ | ५४९५ | ७९६१ |
| १०.ऋण तथा लगानी | | | ८५८८ | ९७५६ | १३००० |
| | १०.१ | ऋण तथा लगानी | ८५८८ | ९७५६ | १३००० |
| ११. साँवा र ब्याज भुक्तानी | | | ११९६५५० | १५०५०१९ | १९११०५७ |
| | ११.१ | साँवा भुक्तानी | ३५०५६९ | ३८५४५४ | ५०७८३० |
| | ११.२ | ब्याज भुक्तानी | ८४५९८१ | १११९५६५ | १४०३२२७ |
| १२. विविध | | | ३८९२३१ | ५२२७२५ | ८५४७३० |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ४००५६ | ५५००० | ५५००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | ११९७५५ | १००००० | १२५५०० |
| | १२.३ | अतिथि सत्कार | ८१७ | ८२० | १००० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | ४१ | १४० | २०० |
| | १२.५ | मुआब्जा | ११८७ | १००० | २००० |
| | १२.६ | अन्य | १५४४४३ | २८५७६५ | २३३०३० |
| | १२.७ | भैपरी आउने | ७२९३२ | ८०००० | ४३८००० |
| | | कूल जम्मा | ४१३५२२५ | ४७८८९८० | ६१५४११३ |

विकास बजेट : व्यय अनुमान

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४३।४४ को यथार्थ | आ.ब. २०४४।४५ को संशोधित अनुमान | आ.ब. २०४५।४६ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | १८३४७ | ३२०८५ | ४१४७७ |
| | २.७ | प्रशासन | १८३४७ | ३२०८५ | ४१४७७ |
| ४. आर्थिक योजना र प्रशासन | | | ४०३५ | ६१७३ | १३९०८ |
| | ४.१ | योजना | १२१४ | १९६१ | ४९९० |
| | ४.२ | तथ्याक | २८२१ | ४२१२ | ८९१८ |
| ८. सामाजिक सेवाहरु | | | २०३६३२६ | २५४२२७५ | ३६०४४५७ |
| | ८.१ | शिक्षा | १०३६४७८ | ११६०८८० | १४५३८४९ |
| | ८.२ | स्वास्थ्य | ३०९२०५ | ४९५९२६ | ८१९००० |
| | ८.३ | पिउने पानी | २७४२१६ | ३२१६०२ | ५१६४८० |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ३१६९५० | ४०९३८८ | ५१२९१२ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ९९४७७ | १५४४७९ | ३०२२१६ |
| ९. आर्थिक सेवाहरु | | | ५१६८५२९ | ५९८८०८२ | ९१०८०१९ |
| | ९.१ | कृषि | ६८१६७२ | ७४४६९० | १३५०३७९ |
| | ९.२ | सिंचाई | ८४६८१३ | ७२४११५ | १७४०६५३ |
| | ९.३ | भूमिसुधार | २६७१५ | १४९८८ | ३२६७५ |
| | ९.४ | नापी | ६७५०१ | ७८४२० | ८९०३२ |
| | ९.५ | बन | ३८८४१४ | ४०९९६७ | ६४७०४९ |
| | ९.६ | उद्योग तथा खानी | ३७७०१० | ५९६८५७ | ९६४६०५ |
| | ९.७ | सञ्चार | १३९७६७ | ५१६६८० | ३३६८६६ |
| | | (क) हुलाक | -१९०८ | -४६८० | -११५७७ |
| | | (ख) दूर संचार | -१३७८५९ | -५१२००० | -३२५२८९ |
| | ९.८ | यातायात | ९८६०२३ | ११७०१४५ | २३९२३६६ |
| | | (क) सडक | -७९२१७१ | -१०२६१०८ | -१९६५७०१ |
| | | (ख) पूल | -४२८३२ | -२९१७८ | -१२४०३५ |
| | | (ग) हवाई | -१५०३७७ | -११३८५९ | -२६२३६३ |
| | | (घ) अन्य यातायात | -६४३ | -१००० | -४०२६७ |
| | ९.९ | विद्युत | १२३९१५१ | १५४४३५७ | १३८५०९० |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ४१५४६३ | १८७८६३ | १६९३०४ |
| | | (क) बाणिज्य | -११९७८ | -८१२८ | -२०२१४ |
| | | (ख) श्रम | -४९९० | -९५४४ | -१८४६९ |
| | | (ग) पर्यटन | -१३८०० | -११९८४९ | -१८७०३ |
| | | घ) हावापानी तथा जल विज्ञान | -११५९३ | -१४६८६ | -२११२७ |
| | | (ङ)अन्य | -३७३१०२ | -३५६५६ | -९०२९१ |
| १२. विविध | | | ७४४४६ | ११०७४२ | ३८७००० |
| | १२.६३ | अन्य | ७६२६४ | २१९३८४ | २१३२०० |
| | १२.७ | भैपरी | ७४४४६ | ११०७४२ | ३८७००० |
| कूल जम्मा | | | ७३७७९४७ | ८८९८७४१ | १३३६८०६१ |